महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल

# लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन

## आर्थिक वर्ष - २०७९/८०

## दोधारा चाँदनी नगरपालिका, कंचनपुर

## ८०७७६४०६३००

## दोधारा चाँदनी नगरपालिका , कञ्चनपुर


https://nams.oag.gov.np

# महालेखापरीक्षकको कार्यालय
## Office of the Auditor General
### सुदूरपश्चिम प्रदेश लेखापरीक्षण निर्देशनालय
### काठमाडौं

प.सं.:२०८०/८१ मिति : २०८०-१२-११

च.न :

**विषयः लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन ।**

श्री कार्यालय प्रमुख ज्यु ,

दोधारा चाँदनी नगरपालिका, कंचनपुर ,

दोधारा चाँदनी नगरपालिका , कञ्चनपुर

लेखापरीक्षण ऐन, २०७५ अनुसार त्यस कार्यालयको आर्थिक वर्ष २०७९/८० को विनियोजन/राजस्व/धरौटी/अन्य कारोबारको आर्थिक विवरण तथा सोसँग सम्बन्धित कागजपत्र र विवरण परीक्षण गरी मिति २०८०।०५।२७ मा छलफल पश्चात तयार गरिएको पाना ४५ (पैँचालीस) को प्रारम्भिक प्रतिवेदन यसैसाथ छ ।

कार्यालयबाट पेस भएको आर्थिक विवरणप्रतिको उत्तरदादयित्व प्रचलित कानुन बमोजिम जिम्मेवार व्यक्तिको हो । लेखापरीक्षकको उत्तरदायित्व नेपाल सरकारी लेखापरीक्षणमान बमोजिम आर्थिक विवरण परीक्षण गरी प्रतिवेदन गर्नु हो । प्रतिवेदनमा उल्लिखित व्यहोराका सम्बन्धमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३७ (१) बमोजिम ३५ दिनभित्र फस्यौंट गरी सम्परीक्षण गराउनु हुनेछ । उक्त समयभित्र फस्यौंट गरी सम्परीक्षण नगराएमा वा सम्परीक्षण गराई बाँकी रहेका व्यहोराहरू समावेश गरी सोही ऐनको दफा ३७(४) बमोजिम लेखा उत्तरदायी अधिकृत / कार्यपालिका प्रमुखलाई जानकारी गराइने व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

कृष्णप्रसाद खनाल

निर्देशक

बोधार्थ तथा कार्यार्थः

श्री संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाडौ- प्रतिवेदन संलग्न छ । , info@mofaga.gov.np

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, कञ्चनपुर- प्रतिवेदन संलग्न छ । , kanchanpurdtco@gmail.com

# परिचय

१ **परिचय**

**क) पालिकाको परिचय :-** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस दोधारा चाँदनी नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५६.८४ वर्ग किलोमिटर क्षेत्रफल तथा ३९,२५३ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्धेश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०८।१५ देखि २०८०।०५।१८ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्बनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग मिति २०८०।०८।१८ छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्राविधिक ज्ञानको सीमितता, कारोबारको जटिलता प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रुपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय-व्ययतर्फ गरी जम्मा रु.७२,४७,७८,२९९.४९।- को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :-** लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची-२ मा संलग्न छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्नानुसार छन्:

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरेको देखिएन । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल बमोजिम रहेका छन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्याकं संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नमा गरेको पाइएन,

• आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण समितिको गठन गरेको पाइएन,

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नर्मा तयार गरेको पाइएन,

• स्थनीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ बमोजिम आर्थिक वर्ष सुरु हुनुभन्दा १५ दिन अगावै पालिकाले आफ्नो क्षेत्र भित्रको निर्माण सामाग्री मूल्य ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्यूनत्तम दररेट तोक्नुपर्नेमा तोकिएको पाइएन

• पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सार्वजनिक खरिद नियावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन।

• कार्यालयको श्रेष्ता र वैक बीचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन,

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन,

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको पाइएन,

• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन,

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,

• कन्टेन्जेन्सी योजना तथा कार्यविधि तयार गरी व्यवस्थित गरेको पाइएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था बमोजिम सार्वजनिक खरिद नियमावली तर्जुमा गरेको देखिन्छ । यो नियमावलीलाई लचिलो बनाई संघीय कानुन बमोजिम संशोधन गर्ने र कार्यान्वियनमा ल्याउने गरेको पाइएन । पालिकाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बनाइ लागू गरेको देखिएन,

• वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार गरेको पाइएन,

• वेरुजुको लगत अद्यावधिक गरी व्यवस्थित रुपमा अभिलेख राखेको पाइएन,

• स्थानीय सार्वजनिक लेखा समिति गठन गरी बेरुजु फछ्यौंटको कार्यदल बनाएर कार्यान्वियन गर्ने गरेको भेटिएन,

• न्यायिक समिति मेलमिलाप कक्षको व्यवस्था गरेको छैन,

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन,

• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समितिहरुको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अध्यावधिक गरेको पाइएन ।

आन्तरिक नियन्त्रण कमजोर हुँदा पालिकाको वित्तीय सुशासन तथा समग्र सेवा प्रवाह कमजोर हुने देखिन्छ । फलस्वरुप सार्वजनिक जवाफदेहिता र उत्तरदायित्व कायम हुन सक्दैन । तसर्थ, पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

## ३ वित्तिय विवरण परीक्षण

३.१ **वित्तीय प्रतिवेदन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) सम्बन्धमा निम्नअनुसार देखिएको छः

सैद्धान्तिक बेरुजु

३.२ **वित्तीय विवरणको यथार्थता–** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नु पर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नु पर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रू १७,२८,६३,९१३।०० र एकिकृत स्वास्थ्य पूर्वाधारको रु.५,०४,५५,२७७।००समेत गरी रू २२,३३,१९,१९०।००सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु १०,६८,२७,०५७।५७ यस वर्षको प्राप्ति रु ६९,५२,१३,३४९।००यस वर्षको भुक्तानी रु ७२,४७,७८,२९९।४९ र बैङ्क मौज्दात रु ७,७२,६२,१०६।६५ रहेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नु पर्दछ ।

| विवरण | गत वर्षको जिम्मेवारी | यस वर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १०.६८.२७.०५७।५७ | ४७.१८.९४.१५९ | ५०,१४,५९,१०९।४९ | ७,७२,६२,१०६।६५ |
| एकीकृत आर्थिक विवरणअनुसार | १०.६८.२७.०५७।५७ | ६९.५२.१३.३४९ | ७२,४७,७८,२९९।४९ | ७,७२,६२,१०६।६५ |
| फरक | | २२.३३.१९.१९०।०० | २२,३३,१९,१९०।०० | |

सैद्धान्तिक बेरुजु

३.४ फरक जिम्मेवारी - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गत वर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु १०,६१,९०,०७२।०० मौज्दात रहेकोमा यो वर्ष रु १०,६८,२७,०५७।५७ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ६,३६,९८५।५७ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

३.५ **बैकं हिसाब विवरण-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहाय अनुसार छ

| सि न | खाता | स्रेस्ताअनुसार मौज्दात रु. | बैङ्क स्टेटमेन्टअनुसार वर्षान्तको मौज्दात रु. | फरक रु. |
|---|---|---|---|---|
| १ | स्थानीय तह सञ्चित कोष खाता | ४४७२०४६३।६१ | ३६५९९७१७।३३ | |
| २ | चालु खर्च खाता | ००।०० | २२४९०२६।७२ | |
| ३ | पुँजीगत खर्च खाता | ००।०० | ५८५५९८५।५६ | |
| ४ | स्थिनिय तह प्रकोप व्यवस्थापन खाता | ६८४३३३१।०० | ६८४३३३१।०० | |
| ५ | बिबिध कोष खाता | ६६५०१४४।८३ | ६०५०१४४।८३ | |
| ६ | धरौटी खाता | १८७००६१४।३१ | १८७००६१४।३१ | |
| ७ | ग१.१, आन्तरिक राजस्व खाता | ००।०० | १५७३४।०० | |
| | जम्मा | ७७२६२१०६।७५ | ७७२६२१०६।७५ | |

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४ **बजेट तथा कार्यक्रम**

४.१

**त्रैमासिक पूँजीगत खर्च** - आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली२०७७ को नियम ३५ मा त्रैमासिक बिवरण बनाई पेश गर्नु पर्ने र चौमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नु पर्ने व्यवस्था छ । कार्यालयले त्रैमासिक विवरण तयार गरी उपलव्ध नगराई देहाय बमोजिम चौमासिक पुजिगत खर्चको बिवरण उपलब्ध गराएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप चौथो चौमासिकमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | |
|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसो चौमासिक |
| १ | पूँजिगतखर्चतर्फ | १७,७४,७० | २,४८,५४ | २,४५,५९ | १२,८०,५६ |
| | प्रतिशत | १०० | १४.०० | १३.८३ | ७२.१५ |

उपलब्ध बिवरण अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये चौथो चौमासिकमा ७२.१५प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले कार्यालयले वार्षिक कार्यक्रम अनुसार समयमै खर्च व्यवस्थापन गर्नुपर्ने देखियो ।

सैद्धान्तिक बेरुजु

४.२ **क्षेत्रगत बजेट र खर्च** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छः

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **कुल खर्च मध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | 6,03,88,339.00 | ५,०१,४८,६१५।०० | १०.२७ |
| पूर्वाधार विकास क्षेत्र | ११,६८,७५,३९२ | ९,७७,०४,८९१।४४ | २०.०१ |
| सामाजिक क्षेत्र | २३,८१,८५,९३२ | २१,९०,०४,९३१।६५ | ४४.८५ |
| संस्थागत बिकास सेवा प्रवाह र सुशासन | १,४६,२२,००० | १,०९,६३,०२७।०० | २.२४ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १४,८०,१०,०४३ | ११,०४,५५,८३४।१५ | २२.६२ |
| **जम्मा** | ५७,८०,८१,७०६ | ४८,८२,७७,२९९. | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबै भन्दा बढी ४४.८५प्रतिशत र संस्थागत बिकास सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटी २.२४ प्रतिशत रहेको छ ।

सैद्धान्तिक बेरुजु

४.३ खर्च बिश्लेषण- पालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु १,११,८१,८१३।५राजस्व बाँडफाँड र अनुदानबाट रू ६८,४०,३१,,५३५।२६ समेत रु ६९,५२,१३,३४८।७६आम्दानी भएकोमा चालु तर्फ रु ३२,३९,८८,८६४।०५र पूँजिगत तर्फ रु १७,७४,७०,२४५।४४ समेत रु ५०,१९,५९,१०९।४९ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा १४.४७ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रु ,१,०२,९८,५००।००खर्च भएको छ जुन आन्तरिक आयको ९२.१० प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट६४.५४ प्रतिशत चालु र ३५.३४ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च

भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिक रुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

४.४ **योजना र कार्यान्वयन**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी साना साना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ।साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनु पर्दछ । यस वर्ष छनौट भई संचालन भएका कामका योजनाहरु देहायअनुसार छन्:

| क्र.सं. | विवरण | योजनासंख्या |
|---|---|---|
| १ | रू १ लाखभन्दा कमको योजना | ५१ |
| २ | रु १ लाखएक देखि २ सम्मका योजना | १८ |
| ३ | रु २लाख देखि ५ लाख सम्मका योजना | २७ |
| ४ | रु ५ लाखदेखि १० लाख सम्मका योजना | १७ |
| ५ | 10 लाख देखि माथिका योजना | ३३ |
| | **जम्मा** | १४६ |

सैद्धान्तिक बेरुजु

## ५ प्रशासकीय संगठन र जनशक्ति व्यवस्थापन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८१ दरबन्दी स्वीकृत रहेकोमा ५० जना पदपूर्ती भएको विवरण प्राप्त भएको छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत छैटौ (प्रशासन), अधिकृत छैटौ (लेखा),ना.सु. ४ जना लगायतका ३१ पदहरु रिक्त रहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ।

सैद्धान्तिक बेरुजु

## ६ कर्मचारी करार

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । संगठन तथा व्यवस्थापन सर्भेक्षण वेगर पालिकाले विभिन्न ९८ जना कर्मचारीहरु करारमा राखि रू.३,३९,९४,४९५। खर्च लेखेको छ ।

साथै, स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ ।

स्थानीय तहले माथि उल्लेखित पद वाहेक ६ जना सामाजिक परिचालक करार नियुक्ति गरी बर्षभरीमा रु.२०,६२,६०८। भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियन्त्रण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

७ **स्वकीय सचिव र सल्लाहकार**

सुदुर पश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगर प्रमुखको स्वकीय सचिवलाई बर्षभरी रू.१,९२,७२०।, उपप्रमुखको स्वकीय सचिवहरुलाई बर्षभरि रू.२,०९,०८८। गरि जम्मा रू.४,०१,८०८। भुक्तानी भएकोले छ। उक्त भुक्तानी नियम सम्मत नदेखिएको रू.

| अनियमित भएको | ४,०१,८०८ |
|---|---|

८ **कर्मचारि कल्याण कोष**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकामा रू.६६,५०,१४४।८३। कोषको रकम मौज्दात रहेको छ। उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन ।

| सैद्धान्तिक बेरुजु |
|---|

९ **खाना तथा विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रू.२०,८७,८४७। खर्च गरेको छ।जुन पालिकाको कुल आन्तरिक आय रू.१,११,८१,८१३। को १८.६७ प्रतिशत हो। यस्तो खर्च औचित्यको आधारमा गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१० **आर्थिक सहायता**

पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले मापदण्ड र कार्यविधि तयार नगरी विभिन्न २२५ व्यक्तिहरुलाई रु. २,५००। देखि रू.२०,०००। सम्म जम्मा रू.१४,८४,५८०। आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रू. १,११,८१,८१३। को १३.२७ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड वेगर आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

११ **सार्वजनिक सम्पत्तिको अभिलेख**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यस्था छ । पालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको अभिलेख राखेको पाइएन । सार्वजनिक पर्ति ऐलानि जग्गा तथा सम्पत्तिको अतिक्रमण भए नभएको अनुगमन हुने अवस्था देखिदैंन । संरक्षण उपयोग नीति र मापदण्ड पालना भएको छैन् । पालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको अभिलेख, रेखदेख, मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

१२ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्याङ्क संकलन, अभिलेख र सो को ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

**१३ सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण**

स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको र अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु, गराउनु र अभिलेख राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

**१४ जिन्सी लगत खाता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार साविकको गाविस र विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने र यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्तभित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्नेमा गरेको नदेखिएकोले प्रतिवेदन तयार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

**१५ वडा कार्यालयबाट सामाग्री खरिद**

पालिकाले वडा कार्यालयलाई नै बजेट विनियोजन गरि कार्यालय सञ्चालन सम्बन्धी सामाग्री खरिद गरेको र वडा कार्यालयमा दाखिला भएको प्रमाणको आधारमा रकम भुक्तानी भएको छ । नगरपालिकाले पाम्स सफ्टवेयरमा जिन्सी विवरण अभिलेख राख्ने गरेकोमा वडा कार्यालयबाट खरिद विवरण पाम्समा दाखिला हुँदैन र वार्षिक खरिदको एकिन विवरण अध्याविध हुन सक्दैन् । अतः एकिकृत रुपमा वडाहरुको जिन्सी सामाग्री खरीद गरी पाम्समा सबै सामाग्रीहरुलाई स्पेशिफिकेशन सहित खुलाएर राख्ने व्यवस्थाको पालना गर्नको लागि पालिकाले ध्यान दिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

**१६ जिन्सी व्यवस्थापन**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा जिन्सी निरिक्षण गर्नुपर्ने व्यवस्था रहेवमोजिम पालिकाले जिन्सी निरिक्षण प्रतिवेदन पेस गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ को उपनियम ४ अनुसार लिलाम विक्री गर्नुपर्ने मालसामान ६ महिना भित्र र मर्मत संभार गर्नुपर्ने मालसामान ३ महिना भित्र गरी सक्नुपर्ने व्यवस्था छ । यस पालिकाको आ.व. २०७९।८० को जिन्सी निरीक्षण प्रतिवेदनले लिलाम विक्री गर्नुपर्ने भनी उल्लेख गरेका ११ वटा डेस्कटप कम्प्युटर, ५ वटा ल्यापटप, २० वटा प्रिन्टर लगायत २८ प्रकृतिका १७७ वटा मालसामान तथा मर्मत गर्नुपर्ने भनी उल्लेख गरेका ६ वटा डेस्कटप कम्प्युटर, ३ वटा ल्यापटप, ८ वटा प्रिन्टर लगायत २५ प्रकृतिका ८५ वटा मालसामान उक्त नियमावलीको नियम ९९ अनुसार लिलाम विक्रि तथा मर्मत संभार गरी जिन्सी सम्बन्धी व्यवस्था लाई चुस्त र दुरुस्त वनाउनु पर्नेमा

सो गरेको देखिएन । जिन्सी निरीक्षण प्रतिवेदनले उल्लेख गरे अनुसार चालु हालतमा नरहेका जिन्सी सामानहरु लिलाम तथा मर्मतको कारवाही अगाडी वढाउनु पर्ने देखिन्छ।

सैद्धान्तिक बेरुजु

१७ **कार्य सम्पादन कार्यतालिका पेश नभएको**

सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ को व्यवस्था बमोजिम कुनैपनि निर्माण व्यवसायीसँग भएको निर्माण कार्यको सम्झौता भएको मितिले १५ दिन भित्र कार्यतालिका पेश गर्नुपर्ने व्यवस्था छ । यो पालिकाले ठेक्का लगाएको कुनैपनि निर्माण व्यवसायीले कार्य सम्पादन कार्यतालिका पेश गरेको पाइएन । कार्यतालिका बमोजिम कामको परिमाण र बाँकी समय बीचमा तुलना गरी म्याद थप गर्नु पर्ने अनुगमन गरी कामको प्रगतिको बारेमा निर्देशन दिने जस्ता कार्य गर्न सहज हुने तथा कार्यतालिका सम्झौताको एक अंग भएकोले कार्यतालिका अनिवार्य गरी सोही बमोजिम कार्यान्वियन भए नभएको अनुगमन गरी व्यवस्थित गर्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

१८ **कानून निर्माण तथा न्याय सम्पादनको अवस्था**

१८.१ **कानुन निर्माणको अवस्था-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले दिएको विवरण अनुसार हालसम्म ६ ऐन, ३ नियमावली, २९ कार्यविधि, २ मापदण्ड, ५ निर्देशिकार २ आचार संहिता सहित जम्मा ४७ कानुनहरु निर्माण भएको देखिन्छ । सो कानुनहरु मध्ये आर्थिक वर्ष २०७९/८० मा २ ऐन, ७ कार्यविधि, १ मापदण्ड र १ आचारसंहिता गरी जम्मा ११ कानुनहरु निर्माण भएको देखिन्छ । हालसम्म आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली बनेको देखिएन । अत: पालिकाले संघ र प्रदेशसँग समन्वय तथा सरोकारवालाहरुको सार्थक सहभागितामा स्थानीय तहलाई उत्पादन र वितरणको केन्द्र तथा सार्वजनिक सेवा प्रवाह र सुशासनको नमुनाको रुपमा विकास गर्नको लागि आवश्यक कानुनहरुको निर्माण गरी कानुनी सामञ्जस्यता र तादाम्यता तथा प्रभावकारी कार्यान्वयन गर्नु जरुरी देखिन्छ ।

सैद्धान्तिक बेरुजु

१८.२ **न्यायिक समितिको कार्यसम्पादनको अवस्था-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । यस पालिकाको न्यायिक समितिको लागि न्यायिक मेलमिलाप कक्षको व्यवस्था गरेको छैन ।पालिकाले उपलब्ध गराएको विवरण अनुसार अघिल्लो आर्थिक बर्षबाट अ ल्या भएका उजुरीको संख्या ४ आर्थिक वर्ष २०७९।८० मा दर्ता भएका ६७ वटा गरी जम्मा ७१ वटा उजुरी दर्ता भएका छन । जसमध्ये ४२ उजुरीको मेलमिलाप गरी फछ्र्यौट गरेको २ तामेलीमा राखेको र २९ उजुउरिहरुको किनारा लगाउन बाँकि देखिन्छ जुन कुल प्राप्त उजुरीको तुलनामा ४०.८४ प्रतिशत हुन आउँछ ।यसरी समयमा सबै उजुरीको मेलमिलाप हुन नसक्दा नागरिकमा न्याय पाएको अनुभुति हुन सक्दैन । यसर्थ, आम नागरिकको सहज पहुँच कायम गरी न्यायिक अधिकार प्राप्त गरेको अनुभूति दिलाउने गरी न्यायिक समितिको क्षमता विकास गर्नु जरुरी छ ।

सैद्धान्तिक बेरुजु

१९ **सफ्टवेयर खरिद**

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ ।

पालिकाले राजश्व व्यवस्थापन कार्यको लागि सफ्टटेक कम्पनिले तयार गरेको प्रणालीको सफ्टवेयर सञ्चालन गरेको छ । सो सफ्टवेयर सञ्चालनको लागि पालिकाले सूचना प्रविधि विभागबाट स्विकृती लिएको पाइएन । संघीय संरचनामा तहगत सरकारहरुको प्रतिवेदन प्रणालीमा एकरुपता र सामञ्जस्यता कायम गर्ने गरी प्रणालीहरुको परीक्षण (System Audit ) गरी प्रणालीहरुको व्यवस्थापन, विकास र सञ्चालन गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

२० **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई रु. २३,२३००० बाँकी रहेको देखिन्छ । निम्नानुसारको म्याद नाघेको पेश्की रु. २३,२३००० फस्र्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फस्र्यौट गर्नुपर्ने रु.

| सि.नं. | पेश्की लिएको मिति | गो.भौ. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | खर्च उपशिर्षक | जम्मा बाँकी पेश्की | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
| | कर्मचारी | | | | | | | |
| १ | २०७९/०४/०१ | १९७ | विविध खर्च | सामाजिक परिचालक बिमला देवी विष्ट | २२७११ | ० | १५००० | १५००० |
| २ | २०७९/०९/२४ | २१५ | पानी तथा बिजुली | सहायक पाँचौ चन्द्र बहादुर चौधरी | २२१११ | ० | १०००० | १०००० |
| ३ | २०७९/११/०२ | २१५ | पानी तथा बिजुली | सहायक चौथो भिम सिंह घटाल | २२१११ | ० | १०००० | १०००० |
| ४ | २०७९/११/०५ | २१५ | पानी तथा बिजुली | सहायक चौथो मोहन सिंह सुनार | २२१११ | ० | १०००० | १०००० |
| ५ | २०७९/११/२८ | २१५ | पानी तथा बिजुली | सहायक चौथो विष्ना कुमारी ओझा | २२१११ | ० | १०००० | १०००० |
| ६ | २०७९/११/२८ | २१५ | पानी तथा बिजुली | सहायक पाँचौ हेमन्त टमटा | २२१११ | ० | १०००० | १०००० |
| ७ | २०७९/११/२८ | ६९ | अन्य विविध खर्च- आयोजना सुरक्षा तथा घटना दर्ता सम्बन्धी विभिन्न बैठकको चियापान लगायतको खर्च | क.अ. टेक बहादुर रावत | २२७११ | ० | २३००० | २३००० |
| ८ | २०७९/११/२८ | ४३४ | स्वास्थ्य इकाइ कार्यालय व्यवस्थापन | अहेव शिवराज बुढा | २२७११ | ० | ४५००० | ४५००० |
| ९ | २०८०/०२/२३ | २४२ | सञ्चार सामग्री प्रसारण तथा छपाइ(सञ्चार र पहुँच अभियान सञ्चालन) | क.अ. टेक बहादुर रावत | २२३१५ | ० | १५०००० | १५०००० |
| १० | २०८०/०३/१७ | १००१ | पानी तथा बिजुली | का.स. गोपाल सिंह साउँद | २२१११ | ० | २००००० | २००००० |
| | जम्मा | | | | | ० | ३,५०,००० | ४,८३,००० |
| | संस्थागत | | | | | | | |
| १ | २०८०/०३/१९ | ९९१ | नगरस्तरीय खेलकुद कार्यक्रम | श्री कमलशा बाबा मन्दिर संरक्षण समिति | २२५२२ | ० | ५०००० | ५०००० |
| | जम्मा | | | | | ० | ५०००० | ५०००० |
| | उपभोक्ता समिति | | | | | | | |
| १ | २०७९/०८/१६ | ७६ | छाडा चौपाय व्यवस्थापन | छाडा चौपाय व्यवस्थापन उपभोक्ता समिति ५ | ३११३१ | ० | ३२५०० | ३२५०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | २०७९/०८/१६ | ७६ | छाडा चौपाय व्यवस्थापन | छाडा चौपाय व्यवस्थापन उपभोक्ता समिति वडा ४ | ३११३१ | ० | ३२५०० | ३२५०० |
| | जम्मा | | | | | ० | ६५००० | ६५००० |
| | व्यक्तिगत | | | | | | | |
| १ | २०७९/११/१५ | ४८ | सुरक्षित नागरिक आवास कार्यक्रम | लक्ष्मी सिंह | ३११११ | ० | २५००० | २५००० |
| | आपूर्तिकर्ता | | | | | | | |
| १ | २०८०/०३/२२ | ३७३ | नगरपालिका परिसरमा पार्किङ्ग तथा बगैँचा निर्माण | गडबालिङ निर्माण सेवा | ३११५९ | ० | १७००००० | १७००००० |
| जम्मा | | | | | | ० | २३२३००० | २३२३००० |

पालिकाले गत विगतको बाँकी पेश्की सार्वजनिक खरिद नियमावली,२०६४ को प्रक्रिया पुरा गरी नियमानुसार फर्स्यौट गर्नुपर्दछ ।

| | |
|---|---|
| पेश्की | २३,२३,००० |

## २१ राजस्व आन्तरिक नियन्त्रण

२१.१ **आय अनुमान-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. १,१३,६४,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु. १,११,८१,८१३.५।- अर्थात् अनुमान भन्दा १.०६ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी लिने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । आन्तरिक आयमा प्राप्त आय र प्राप्त हुनुपर्ने आय सम्बन्धमा कार्यालयले समेत परिमाण भिडान गरेको पाईएन । साथै राख्नुपर्ने मलेप फारमहरु समेत पूर्ण रुपमा प्रयोग गरेको पाईएन। तसर्थ प्राप्त हुनुपर्ने राजस्व सम्बन्धमा यकिन भिडान गर्न सक्ने अवस्था छैन्। पालिकाले आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउदै कार्यालयले आम्दानीका सबै स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आयआर्जन वृद्धि गर्ने तर्फ ध्यान दिन आवश्यक छ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

२१.२ **आन्तरिक आय-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २०,८६,१०,५७० | २,४९,८२,३१८ | ११.९७ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ११.९७ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने

देखिन्छ ।

सैद्धान्तिक बेरुजु

२१.३ **कर तथा शुल्क असुली**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १३,००,००० | १९,४३,०८८ | १४९.४७ |
| घरजग्गा वहाल कर | १,००,००० | ८,१२,४४१ | ८१२.४४ |
| व्यवसाय कर | ४,००,००० | १४,५२,८१८ | ३६३.२० |
| वहाल विरौटी कर | २,००,००० | 0 | ० |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ, आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२१.४ **व्यवसाय कर**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु. १४,८१,९१८ ।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२१.५ **राजश्व दाखिला**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८ मा सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए १० प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार प्रचलित कानून बमोजिम कारबाही कारबाही समेत गर्न, गराउन सक्ने व्यवस्था छ । पालिकामा वडाको राजश्व दाखिला ढिलो भएकोले ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको/गर्न लगाएको छैन । ढिलो दाखिला रकममा पालिकाले जरिवाना एकिन गरी असुल गरेको समेत देखिएन । अतः पालिकाले असुली आम्दानी रकम समयमा दाखिला नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाई जरिवाना सहित असुल गर्नेतर्फ ध्यानदिनु पर्दछ ।

सैद्धान्तिक बेरुजु

२२ **अनुगमन भत्ता**

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७७ (आठौ संस्करण) को बुँदा नं. ७.१ मा खर्चको मापदण्ड लगायत कार्यक्रम गरे बापतको बिभिन्न शिर्षकमा भत्ताको व्यवस्था गरेको छ। लेखापरीक्षणको क्रममा कार्यालयले देहाय बमोजिम अनुगमन भत्ता भनि भुक्तानी लेखेकोले उक्त भत्ता बारे कार्य संचालन निर्देशिकामा व्यवस्था नभएकोले नियम संगत मान्न नसकिएको रू.

| **क्र.स.** | **गो.भौ.नं मिति** | **विवरण** | **रकम** |
|---|---|---|---|
| १ | २५१-२०७९।०८।१२ | मतदाता शिक्षा कार्यक्रमको अनुगमन वाफत ६ कर्मचारिलाई अनुगमन भत्ता | २५,५००। |
| २ | ९४६-२०८०।०३।१८ | विद्यालय अनुगमन कार्यक्रम वाफत उप-प्रमुख लाई अनुगमन भत्ता | ७,१४०। |
| **जम्मा** | | | **३२,६४०।** |

| अनियमित भएको | ३२,६४० |
|---|---|

२३ **कार्यक्रमको प्रतिवेदन(पालिका चालू)** (४१-२०७९-६-९):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ उपनियम ७ अनुसार कुनै पनि सेमिनार, गोष्ठि तथा तालिम आयोजना गर्दा त्यस्तो तालिम कार्यक्रमको खर्च सम्बन्धित प्रस्तावना स्वीकृत गराउने तथा उपनियम ८ अनुसार कार्यक्रम सम्पन्न भए पश्चात प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले सञ्चालन गरेको संस्कृतिक कार्यक्रमको लागी अमर ब. वुढाक्षेत्री लाई रू.९८,४००।- भुक्तानी भएकोमा कार्यक्रमको प्रस्तावना, कार्यक्रम सम्पन्न प्रतिवेदन लगायतका प्रमाण कागजात संलग्न राखी भुक्तानी भएको देखिएन। कार्यक्रमको प्रस्तावना र सम्पन्न प्रतिवेदन नै तयार नगरी रकम भुक्तानी गरेकोले उक्त खर्च लाई नियम सम्मत मान्न सकिएन। यस्तो खर्चमा नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

२४ **मोटर साइकल खरिद(पालिका चालू)** (२९४-२०७९-८-२६):

भौ.नं.२९४ मिति २०७९।०८।२६ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार मालसामान खरिद गर्दा लागत अनुमान तयार गरेर मात्र सामाग्री खरिद गर्नुपर्दछ। त्यस्तै लागत अनुमान तयार गर्दा सामाग्रीको स्पेशिफिकेशन खुल्ने गरी लागत अनुमान तयार गर्ने र सोही अनुसार अधिकतम प्रतिस्प्रर्धा हुने गरी खरिद विधि अपनाई खरिद कार्य सञ्चालन गर्नुपर्दछ। पालिकाले के.डि. अटो मोवाईल्स वाट रू.२,९४,१३८। बजेटको होन्डा १५० सि.सि. वाईक खरिद गरी भुक्तानी गरेको छ। तर बाइक खरिद गर्दा स्पेशिफिकेशन खुल्ने गरी लागत अनुमान तयार नगरी सोझै खरिद गर्नु उचित देखिएन। पूँजिगत शिर्षकमा बजेट बिनियोजन नगरी अन्य शीर्षकबाट खर्च गर्नु उचित होइन।

| सैद्धान्तिक बेरुजु |
|---|

२५ **भ्रमण खर्च**

सुदुरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन,२०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ कमोजिम पालिकाले कर्मचारि तथा पदाधिकारीलाई भ्रमण खर्च र अनुगमन खर्च वापत रू.२६,९९,२९७। खर्च गरेको छ। भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरू देहाय बमोजिम छन:

- अधिकाशं भ्रमणको उद्देश्य र प्रयोजन कार्यालयकै कामका लागि भएको भनी सुनुश्चित हुने विश्वसनीय आधार नदेखीएको,

- भ्रमण प्रश्चात तोकिएको ढाचाँमा भ्रमण प्रतिवेदन पेश नगरी भ्रमणको खर्च भुक्तानी गर्ने गरेको,

- कतिपय भ्रमणहरू पालिका वा कार्यालयसँग असम्बन्धित अन्तरपालिका भ्रमणमा गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको,

- भ्रमण अभिलेख अद्यावधिक गरी नराखेको,

अत: तोकिएको कानुनी ब्यवस्थाको पालना गर्दै भ्रमण खर्च गर्दा पालिकाको प्रयोजनमा खर्च भएको सुनिश्चितता हुने व्यवस्था सहित सबै भ्रमण पश्चात भ्रमण प्रतिवेदन लिने ब्यवस्था हुनुपर्दछ।

| सैद्धान्तिक बेरुजु |
|---|

२६ **छाडा चौपाया व्यवस्थापन खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता समेत कायम गर्ने गरि खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस आर्थिक बर्षमा छाडा चौपाया ब्यवस्थापन कार्यक्रममा हेरालुको पारिश्रमिक, पशु चौपायाको लागि पराल खरिद, ढुवानी लगायतमा बार्षिक रू.३२,०४,०३९। भुक्तानी गरेको छ। यसरी खर्च गर्ने कुनै मापदण्ड तयार पारेको छैन, जसबाट कार्यक्रममा एकमुष्ट रूपमा बिनियोजन गरिएको रकम स्वच्छिक रूपमा ज्याला,औषधि, पराल खरिद र ढुवानीमा खर्च भएको छ। उक्त काञ्जि हाउसमा के कति संख्यामा पशु रहेका छन् त्यसको विवरण पालिकामा उपलब्ध छैन। कर्मचारी नै राखि काञ्जि हाउस ब्यवस्थापन गरेको भनि खर्च लेखेकोमा त्यहाँवाट संकलित पशु मल, दुधजन्य पदार्थ उत्पादन तथा विक्रि गरि आयआर्जन गर्नेतर्फ पनि पालिकाले ध्यान दिएको देखिदैन। अत: पालिकावाट अनुगमन गर्ने तथा काञ्जी हाउसबाट आयआर्जन गर्नेतर्फ जोड दिनुपर्दछ।गाई गोरू व्यवस्थापनमा वर्षेनी खर्च मात्रै हुदै जाने हुदा यसको दिर्घकालिन समाधानको उपाय खोज्जे तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

२७ **जरिवाना (विद्युत महशुल)**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विद्युत महशुल समयमै भुक्तानी गरी छुट लिनुपर्नेमा ढिलो गरि विद्युत्त मशहुल भुक्तानी गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न गो.भौ.न. र मितिमा ढिलो गरि मशहुल भुक्तानी गरेकोले जरिवाना स्वरूप रू.३३,९९५। भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

| **क्र स** | **भौ न र मिति** | **विद्युत्त महशुल** | **जरिवाना** |
|---|---|---|---|
| १ | १७५-२०७९।०७।१७ | १२४४७०। | २८४४४। |
| २ | ३०१-२०७९।०८।२८ | ११८२८६। | २९५७१। |
| ३ | ८७६-२०८०।०३।०३ | ८४३२। | २१०८। |
| ३ | ९८८-२०८०।०३।२४ | ८०००। | २०००। |
| **जम्मा** | | **२,५९,१८८।** | **३३,९९५।** |

| अनियमित भएको | ३३,९९५ |
|---|---|

२८ **बितरण भरपाई बेगरको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। पालिकाले देहायका भुक्तानीमा वितरण भरपाई संलग्न गरेको पाइएन। अत: प्रमाण पेश गर्नुपर्ने रू.

| क्र.सं. | भौ.नं. र मिति | भुक्तानीको विवरण | भुक्तानी भएको | कैफियत |
|---|---|---|---|---|
| १ | १०९९-२०८०।०३।२४ | कम्बल खरिद | ६६३७० | ३७ थान कम्बल खरिद गरेकोमा वितरण भरपाई नभएको। |
| २ | १०९९-२०८०।०३।२४ | त्रिपाल खरिद | ८८५० | ५ थान त्रिपाल खरिद गरेकोमा वितरण भरपाई नभएको। |
| **जम्मा** | | | **७५,२२०** | |

| प्रमाण पेश नगरेको | ७५,२२० |
|---|---|

२९ **बचत तथा क्रण सहकारीलाई रकम भुक्तानी**

भौ.नं.८९५ मिति २०८०।०३।०७ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा वितरणमुखी खर्च नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकम स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ। उल्लेखित व्यवस्था अनुसार नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्ने देखिदैन । पालिकाले कृषकहरूलाई दुग्ध वोनस वितरण अन्तर्गत सृजना वचत तथा क्रण सहकारी संस्था लि. लाई रू.१,५०,०००। भुक्तानी गरेको छ।कृषक प्रोत्साहन कार्यक्रम अन्तर्गत प्रति लि. दुधमा १.८५ रूपैँया पालिकाले थप्ने गरि सहकारीलाई रकम भुक्तानी भएको देखिन्छ। यसरि नाफा कमाउने उद्देश्यले स्थापित यस वचत तथा क्रण सहकारीले दुध खरिद गरे नगरेको र खर्च रकमको प्रभावकारिता सम्बन्धमा पालिकाले अनुगमन गरि प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

३० **लागत अनुमान**

भौ.नं. १०२९ मिति २०८०।०३।२३ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा १ लाख रूपैयाँ भन्दा बढीको खरिद कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। शिवम् सर्जिमेड एण्ड सप्लायर्स वाट ९ थान रू.१६,६५०। का दरले जम्मा रू.१,४९,८५०। को Wheel chair लागत अनुमान तयार नगरि खरिद गरेको छ। साथै उक्त Wheel Chair स्पेसिफिकेसन नखुलाई दाखिला भएको छ। पालिकाले सामानको स्पेसिफिकेसन सहितको लागत अनुमान तयार गरि खरिद गर्ने र स्पेसिफिकेसन खुलाई दाखिला गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

| सैद्धान्तिक बेरुजु |
|---|

३१ **PAMS मा दाखिला गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ७८ अनुसार सवै तहको सरकारी कार्यालयहरूको सार्वजनिक सम्पत्तिको लेखाकंन प्रतिवेदन र एकिकृत विवरण तयार गर्न संघ प्रदेशका सवै कार्यालयहरू एवं सवै स्थानिय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली आर्थिक वर्ष २०७७।७८ देखि अनिवार्य रूपमा लागु गर्नुपर्ने निर्णय भएको छ। कार्यालयले जय गणमेश्वर ट्रेडर्स एण्ड सप्लायर्स वाट रू.९९,५२३। को Galva plus corrugated sheet (०.२४ mm*८००*१८३०) र Galves plus corrugated sheet(२४*८००*२१३५) जिन्सी सामान उक्त प्रणालीमा प्रविष्ठ गरेको छैन। सार्वजनिक सम्पत्तिको व्यवस्थापन गर्न खरिद भएका सवै जिन्सी सामाग्रीहरू अनिवार्य रूपमा PAMS मा दाखिला गरि प्रमाण पेश गर्नुपर्ने रू.

| प्रमाण पेश नगरेको | ९९,५२३ |
|---|---|

३२ **विद्युत्त महशुल भुक्तानीका लागी पेश्की**

भौ.नं. १००१ मिति २०८०।०३।२१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ।पालिकाले गोपाल सिंह साउँद लाई विद्युत्त महशुल भुक्तानीका लागि रू.२,००,०००। पेश्की रकम भुक्तानी गरेको छ।विद्युत्त महशुलको विल पेश भएपछि विद्युत्त महशुलको रकम भुक्तानी हुनुपर्नेमा पेश्की दिने कार्य नियम सम्मत देखिएन।यस्तो पेश्की भुक्तानीमा नियन्त्रण हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३३ **ईन्धन खर्च**

कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरि मितव्यिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ। कार्यालयले यस वर्ष कार्यालय प्रयोजनका र पदाधिकारीका लागि गरि जम्मा रू.५८,९९,६९४। ईन्धन बापत खर्च भएको पाईयो। कार्यालयले उक्त खर्च लेख्दा कुन कुन गाडीको लागि कति कति ईन्धन उपलब्ध गराई कहाँ कहाँ गई के प्रयोगमा सवारी साधन प्रयोग भएको हो सो को सम्पूर्ण विवरण खुलाउने लगबुक, कार्यविवरण माइल मिटर, सवारी साधन नं. आंशिक रूपमा मात्र खुलाएर अभिलेख राखेकोले ईन्धन खर्च कार्यालय प्रयोजन र पदाधिकारीका लागि मात्र भएको भनी एकिन गर्न सकिएन।

सैद्धान्तिक बेरुजु

३४ **घर भाडा**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९४(१) अनुसार क्षेत्रिय र जिल्ला स्तरको सार्वजनिक निकायको हकमा त्यस्तो निकाय र जिल्ला प्रशासन, जिल्ला समन्वय समिति र को.ले.नि.का.को सूचनापाटीमा कम्तिमा ७ दिनको सूचना टाँसगरी भाडाको प्रस्ताव माग गर्नुपर्ने र उपनियम ४ अनुसारको घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा घर भाडा भुक्तानी गर्नुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न वडा कार्यालय लगायका अन्य कार्यका लागी घरभाडा वाफत रू.९,०९,३९१। भुक्तानी गरेको पाईयो। घर भाडामा लिदा घर भाडा निर्धारण समितिले तय गरेको दर रेटको आधारमा मात्र लिनुपर्दछ।

सैद्धान्तिक बेरुजु

३५ **ब्याकहे लोडर, टिप्पर, टेक्टर, दमकल मर्मत**

पालिकामा रहेको ब्याकहे लोडर, टिप्पर, टेक्टर र दमकलको मर्मत तथा ईन्धनमा यो बर्ष कार्यालयले रू ३८,०७,००१। खर्च गरेकोमा उक्त ब्याकहे लोडर, टिप्पर, टेक्टर र दमकल भाडामा लगाएबापत कार्यालयले रू १३,४०,८२२। आम्दानी गरेको छ। पालिकाद्वारा संचालित योजनामा यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम सरकारी लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।

सैद्धान्तिक बेरुजु

३६ **सुचना प्रविधिको प्रयोग र व्याकअप प्लान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ को व्यवस्था बमोजिम कार्यालयले सफ्टवेयर सञ्चालन गर्नको लागि सूचना प्रविधि विभागबाट पूर्व सहमति लिनु पर्ने तथा सोको व्याकअप प्लान बनाउने र लागु गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.व. २०७९।८० मा स्वास्थ्य सम्बन्धि अभिलेख तथा प्रतिवेदन (EHRRS) सफ्टवेयर रू.६,९४,९५०। मा, जनप्रतिनिधि तथा कर्मचारिहरूमा सूचना प्रबाहका लागि Group SMS System रू.४५,०००। मा र कर्मचारीहरूको अभिलेख व्यवस्थापनका कार्यको लागि PIS System रू.३,९३,२४०। मा खरिद गरि सञ्चालनमा ल्याएको देखिन्छ । केही सरकारी र केही निजी कम्पनीका प्रोटलहरु सञ्चालनमा ल्याएको देखिन्छ । यसरी गैर सरकारी प्रणालीहरु सञ्चालनमा ल्याउनु पर्व सूचना प्रविधि विभागबाट स्विकृती लिएको देखिएन । यसको साथै डाटा व्याकअपको पर्याप्त व्यवस्था गरेको पाइएन । सूचना प्रविधि विभागबाट पुर्व स्विकृति लिने र डाटाको व्याकअपको पर्याप्त व्यवस्था कायम गर्न तर्फ कार्यालयको ध्यान जानु जरुरी छ ।

सैद्धान्तिक बेरुजु

३७ **रकमान्तर**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तरगतको बजेट उपशिर्षकमा अपुग भएमा सोही शिर्षकमा तोकिएको एक वा एक भन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट बिनियोजन ऐनमा तोकिएको सिमा भित्र रही रकमान्तर गर्न सकिने ब्यवस्था छ । कार्यपालिकाको निणर्य बमोजिम बिभिन्न

शिर्षकमा कुल रू.६ करोड २ लाख ८३ हजार अर्थात कुल बजेट रू.८० करोड २० लाख ४० हजारको ७.५१ प्रतिशत रकमाान्तर गरी खर्च गरेको देखिन्छ। यस्तो कार्यमा नियन्त्रण हुनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

३८ **जरिवाना (विमा नविकरण)**

जरिवाना (विमा नविकरण) - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम १० मा जिम्मेवार व्यक्तीले खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ। यस वर्ष पालिकाले विमा नविकरण समयमै गर्नुपर्नेमा ढिलो गरी नविकरण गरेकोले जरिवाना समेत भुक्तानी गर्नु परेको छ। पालिकाले निम्न भौ.नं. र मितिवाट सवारी साधनको विमा नविकरण,दर्ता, नामसारि ढिलो गरेकोले जरिवाना स्वरूप रू.४५,३५०। भुक्तानी गरेको छ। यस्तो भुक्तानी नियम सम्मत नदेखिएको रू.

| क्र.स. | भौ.नं र मिति | रकम |
|---|---|---|
| १ | २५३-२०७९।०८।१२ | ३,०००। |
| २ | ३८६-२०७९।०९।०५ | २६,१५०। |
| २ | ८३९-२०८०।०२।३२ | २,२००। |
| २ | ९१२-२०७९।०३।१२ | १४,०००। |
| **जम्मा** | | ४५,३५०। |

| अनियमित भएको | ४५,३५० |
|---|---|

३९ **लघु उद्यम कार्यक्रम सञ्चालन**

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ५८ मा मन्त्रालय तथा स्थानीय तहले उपयुक्त सूचकहरु निर्धारण गरी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ । कार्यालयले आ.व. २०७९/८० मा गुडिया बनाउने, बाख्रा पालन, होजियारी बनाउने, चुरापोते बनाउने लगायत तालिम ९० जनालाई प्रदान गरी रु. ८,२६,०००।-, प्रविधि हस्तान्तरण तर्फ बाख्राको चारा खाने डुण, होजियारी मेसिन लगायतको प्रविधि हस्तान्तरण गरी रु. ४,७९,०००।-, र उद्यमीको स्तरोन्नती तर्फ रु.४,००,०००।- गरी जम्मा रु. १७,०५,०००।- खर्च गरेको पाईयो । यसरी प्रदान गरिएका उद्यमशीलता तालिम तथा हस्तान्तरित प्रविधिको पहुँच पश्चात के कति व्यक्तिहरु उद्यमी भई निजहरुको जीवनस्तरमा प्रत्यक्ष सुधार भए नभएको लगायत लघु उद्यमको विकास र प्रवर्द्धनको माध्यमबाट गरिबी निवारणमा सहयोग पुगे नपुगेको सम्बन्धमा कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार उपयुक्त सूचकहरु निर्धारण गरी अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य नगरेकोले यसतर्फ ध्यान दिनुपर्दछ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा जारी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को अनुसूची-३ मा कार्यक्रमको बजेट तथा कार्यक्रमको बाँडफाँड अन्तर्गत प्राप्त बजेट तथा कार्यक्रमलाई लघु उद्यम विकास(मेड) मोडेल अनुरुपका क्रियाकलापहरुमा वर्गीकरण गरी कुल प्राप्त बजेटलाई उल्लिखित प्रतिशतको दायराभित्र रही कार्यक्रम सञ्चालन गर्ने व्यवस्था रहेको छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष लघु उद्यम कार्यक्रम सञ्चालनार्थ कुल रु.१८,५१,६००।- खर्च भएको पालिकाले प्राप्त बजेटलाई उल्लिखित प्रतिशतको दायराभित्र आंशिक रुपमा मात्र रही कार्यक्रम सञ्चालन गरेको पाईयो । अतः कार्यालयले निर्देशिकाको व्यवस्था अनुसार बजेटलाई उल्लिखित प्रतिशतको दायराभित्र खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४० **सशर्त पूँजीगत**

४०.१ **विद्यालय भौतिक पूर्वाधार निर्माण-** शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७९।८० को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वियनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।११।२१ च.नं. ६५ को निर्देशनको बुँदा नं. ४ र ५अनुसारप्राप्तकार्यक्रमअनुरुपतोकिएकोडिजाइनड्रइङतथालागतअनुमानअनुसार२कोठेतथा४कोठेभवननिर्माणगर्नुपर्नेव्यवस्थाछ। यस कार्यालयले उक्त तोकिएकोडिजाइनड्रइङतथालागतअनुमान तयार गरी भवन निर्माण गरेको अभिलेख राखेको देखिएन । यसरी निर्देशनको पालना नगरी गरेको कार्य नियमसंगत हो भन्न सकिएन । अतः कार्यालयले निर्देशनको पालना गरी भवन निर्माण गर्नु पर्दछ ।

| सि. न | बिधालयको नाम | कामको व्यहोरा | रकम |
|---|---|---|---|
| १ | कालिका आ बि २ कोठे भवन निर्माण | २ कोठे भवन निर्माण | २२४३१६९ |
| २ | शारदा सरस्वती मा बि २ कोठे भवन निर्माण | २ कोठे भवन निर्माण | २२३८९३८ |
| ३ | कमलशा आ बि | २ कोठे भवन निर्माण | २२५०००० |
| ४ | शकर पार्वती मा बि | ४ कोठे भवन निर्माण | ४३४६३०१ |

सैद्धान्तिक बेरुजु

४०.२ **मु. अ. कर बिजक बेगर भुक्तानी**: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ वमोजिम उपभोक्ता समितिले गरेको खर्चको बिल भरपाई कार्यालयलले जांच गरी प्रतिवेदन लिने व्यवस्था छ । यो वर्ष निम्न बिधालय भवन तथा अन्य भवन निर्माण उपभोक्ता समितिलाई समान खरिदमा मुल्य अभिवृद्धि कर सहित रकम भुक्तानी दिने गरी लागत अनुमान तयार गरी सोही वमोजिम कार्य सम्पन्न भई भुक्तानी भएकोमा विल पेश नभएको समानको मु.अ. कर भुक्तानी भएको देखिन्छ । यसरी बिजक बेगर मु.अ.कर भुक्तानी दिएको रू. नियमसंगत देखिएन । अतः कार्यालयले मुल्य अभिवृद्धि कर भुक्तानीको बिजक लिएको भए मु.अ.कर.समायोजन सहितको प्रमाण उपभोक्ताबाट पेश गर्न लगाउने अन्यथा उक्त मु.अ.कर असुल गरी सधिय संचित कोष दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू.

| भौचर नं. | उपभोक्ता समितीको नाम | कामको बिवरण | मु.अ. कर भुक्तानी रकम | बिजक पेश भएको रकम | बिजक पेश नभएको रकम |
|---|---|---|---|---|---|
| १४४।२०८० ।३।२० | कमलशा आ बि | इटाको काम ३०।७० घ मी सिमेन्ट ४६९ बोरा डण्डी ४३४८ केजी | १३९६५१ | ७०८३८ | ६८८१३ |
| १३२।२०८० ।३।२४ | शंकर पार्वती मा बि | इटाकोकाम ७४।६६ घ मी सिमेन्ट ९०० बोरा | १४७७०० | ११२९३२ | ३४७६८ |
| १२०।२०८०। ३।२० | शारदा सरस्वती मा बि | इटाको काम २८।६३ घ मी डण्डी ४२१९ केजी | ९७८६५ | ६६७९६ | ३१०६९ |
| ११९।२०८० ३।२० | कालिका आ बि | इटाकोकाम १८।५६ घ मी सिमेन्ट ७१६ बोरा | ८०२४२ | ७२५६५७ | ७६७६ |

| असुल गर्नुपर्ने | १,४२,३२६ |
|---|---|

४०.३ अनुदान ब्यवस्थापन- कार्यक्रम कार्यान्यिन पुस्तिका २०७९।८० मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निर्धारित मापदण्ड र प्रक्रिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस पालिकाले आ.व. २०७९।८० मा अनुदान दिएका निम्न बिद्यालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए, नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिबेदन देखिएन । अतः बिद्यालयमा गएको अनुदान रकम

प्रभावकारी रुपमा कायान्वयन भएको छ भनी बिश्वस्त हुने आधार देखिएन । पालिका कार्यालयले कार्यक्रम कार्यान्चियन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन गरी प्रतिबेदन पेश गर्नु पर्दछ ।

| सि.न. | बिद्यालयको नाम | कार्यक्रमको नाम | रकम | कैफिएत |
|---|---|---|---|---|
| १ | पूर्ण आ बि | ICT ल्याब स्थापना | ६५०००० | |
| २ | अम्बिका आ बि | ICT ल्याब स्थापना | ६५०००० | |

सैद्धान्तिक बेरुजु

४१ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत् नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिकाका ९ वडामा जीर्ण भवन भत्काउने, खानेपानीका पाइप मर्मत तथा सरसफाई, सडक किनारा सरसफाई, बाटो सीमाङ्कन लगायतका १५ योजना सञ्चालन गरी यस वर्ष ९० जनालाई औसत ४९.७९ दिनले ४४८१ दिन रोजगारी उपलब्ध गराई रु. २५,८५,५३७।- श्रमिक ज्याला खर्च गरेको छ । यस पालिकामा सञ्चालित केही योजनाहरु पूर्वाधार एवम् अन्य विकास निर्माण प्रकृतिका नभई अनुत्पादनमूलक कार्य गराउने गरी छनौट गरेको देखिन्छ । योजनाहरुको अनुगमन तथा मूल्याङ्कन प्रणाली, प्रतिवेदन गर्ने कार्य पनि प्रभावकारी रुपमा सम्पन्न गरिएको देखिएन । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ । उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सिर्जना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२ **सामाजिक सुरक्षा भत्ता वितरण**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद-५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्क मार्फत गर्नुपर्ने व्यवस्था छ । सोही कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले लक्ष्मी सनराइज बैंक, कृषि विकास बैंक, कुमारी बैंक र एनआइसी एशिया बैङ्कमार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्दै आएको देखिन्छ । यस आर्थिक वर्षमा पालिकाले बैङ्क मार्फत् सामाजिक सुरक्षा भत्ता वापत रु. १७,२८,१८,३३३।–वितरण गरिएको देखिन्छ । लेखापरीक्षणको क्रममा सामाजिक सुरक्षा भत्ता वितरणको सूचना लिँदा बैङ्कलाई निकासा भएको रु. १७,२८,६३,९१३।–मध्ये सुरक्षा भत्ता वितरण गरेर बाँकी रहेको रकम रु. ४५,५८०।– र गत आ.व.को मृत्यूदावी समेतको फिर्ता रु. ५,९५,९८९.३३।- गरी जम्मा रु. ६,४१,५६९.३३।- सङ्घीय सञ्चित कोषमा दाखिला भएको देखिन्छ ।

४२.१ **केवाइसी अपडेट**- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैंकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोली जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने व्यवस्था छ । बैंकले पालिकाबाट प्राप्त सबै रकम लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निष्क्रिय छन् सो को विवरण उपलब्ध गराएको देखिएन, जसबाट खर्च रकम सबै लाभग्राहीले बुझे नबुझेको एकिन हुन सकिदैंन । अतः बैंकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४२.२ **निष्कृय खाताको विवरण-** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा कार्यविधि अनुसार सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस आर्थिक वर्षमा लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता उल्लिखित बैंकहरु मार्फत् भुक्तानी गरेको र बैंकबाट हालसम्म निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकाले उपलब्ध गराएको छैन । पालिकाले बैंकहरुबाट सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को अनुसूची-११ बमोजिम निष्क्रिय (डोरम्याट) खाताको विवरण प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा छानविन गरी लाभग्राही भत्ता प्राप्त गर्न योग्य नभएको पाइएमा त्यस्ता लाभग्राहीको खातामा रहेको रकम फिर्ता गरी सङ्घीय सञ्चित कोषमा दाखिला गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४३ शिक्षा तर्फ

४३.१ **शैक्षिक गुणस्तर-** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधारको नीति तथा कार्यक्रम, २०७५ अनुसार सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय सरकारको अग्रणी भूमिका हुने व्यवस्था अनुरूप सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार मार्फत नागरिकको छनौटको विद्यालयको रूपमा विकास गरी समाजमा सामुदायिक विद्यालयको ख्याति स्थापित गर्न स्थानीय तहले बाल विकास केन्द्रहरूको पुनर्वितरण तथा सञ्चलनमा सुधार, पाठ्यक्रम तथा पाठ्य सामग्रीमा समसामयिक सुधार, प्रधानाध्यापकहरूको व्यवस्थापकीय एवम् नेतृत्व क्षमता बढाउने, शिक्षक छनौट प्रक्रियामा सुधार, शिक्षक तालिम तथा पेसागत विकासलाई सुदृढिकरण, शिक्षक प्रशंसा तथा प्रोत्साहनको व्यवस्था गरी उत्प्रेरणा अभिवृद्धि, शिक्षकको वृत्ति विकास प्रणालीमा परिवर्तन, विद्यार्थी मूल्याङ्कन प्रणालीमा सुधार, विद्यालय र नागरिकबीच सुमधुर सम्बन्ध, सहयोग र सहकार्य तथा प्राविधिक तथा व्यवसायिक शिक्षामा सुधार जस्ता कुराहरूलाई समेटी शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी लागु गर्नुपर्नेमा सो सम्बन्धी कुनै पनि कार्य गरेको देखिएन । यसमा सुधारका लागि पालिकाको ध्यान जानुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३.२ **विद्यार्थी संख्याको सत्यापन-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० ले तय गरेका कार्यक्रमहरु जस्तै: विद्यार्थी छात्रावृत्ति, दिवा खाजा, सेनिटेरी प्याड, पाठ्यपुस्तक वितरण, कक्षा ८ को परीक्षा व्यवस्थापन लगायतका अनुदान वितरण गर्दा विद्यार्थी संख्यालाई आधार लिएको छ । यसका लागि विद्यार्थी संख्या यकिन गर्नुपर्ने हुन्छ । विद्यालयबाट प्रविष्ट तथ्याङ्क (IEMIS) लाई सम्बन्धित पालिकाले कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई विद्यार्थी संख्या यकिन गर्नु पर्दछ । यस पालिकाले सत्यापन नगरी IEMIS तथ्याङ्कको आधारमा मात्र अनुदान दिएको देखिन्छ । यसरी अनुदान दिँदा वास्तविक रुपमा नभएका तर EMIS लगत कट्टा भई नसकेका विद्यार्थीहरुको लागि पनि अनुदान जाने जोखिम रहन्छ । पालिकाले विद्यार्थी संख्यालाई आधार मानी दिईने अनुदानमा त्यस्ता अनुदान दिनु पूर्व अनिवार्य विद्यार्थी संख्या सत्यापन गराएर मात्र भुक्तानी दिने व्यवस्था गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३.३ **निःशुल्क पाठ्यपुस्तक अनुदान-** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० कार्यक्रम कार्यान्वयन प्रक्रियाको क्रियाकलाप नं. २.४.६.१ को बुँदा नं. ५ मा प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ कक्षा सम्म अध्ययनरत विद्यार्थीका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान बापत् कक्षा ११-१२ को लागि आर्थिक वर्षको प्रथम त्रैमासिक तथा कक्षा १-१० का लागि तेस्रो त्रैमासिक भित्र अनुदान दिने व्यवस्था छ । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था छ । पालिकाले पाठ्यपुस्तक वितरण बापत् २२ विद्यालयलाई पहिलो किस्तामा रु. ३७,३७,६८६.६०।- र

दोस्रो किस्तामा रु. ११,१४,५१०।- गरी जम्मा रु. ४८,५२,१९६.७३।– रकम निकासा गरेको छ । पालिकाले पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरण, विद्यार्थीको प्रमाणित कागजात बेगर बाँकी २५ प्रतिशत रकम निकासा भएकोले पाठ्यपुस्तकको रकम बराबर विद्यार्थीले पाठ्यपुस्तक पाएको यकिन हुन सकिदैंन । निर्देशिका बमोजिम सुरूमा ७५ प्रतिशत तथा EMIS विवरणको आधारमा कागजात प्रमाणित गरि थप २५ प्रतिशत अनुदान निकासाको सम्बन्धमा आवश्यक खर्च पुष्ट्याई गर्ने आबश्यक प्रमाण कागजात पेश हुनुर्दछ साथै विद्यालयले नयाँ पाठ्यपुस्तक तोकिएको दरमा खरिद गरी समयमै सम्बन्धित विद्यार्थीलाई वितरण गरे नगरेको सम्बन्धमा संयन्त्र बनाई आवश्यक अनुगमनको व्यवस्था मिलाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३.४ **छात्रवृत्ति-** आर्थिक वर्ष २०७९/८० को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका, २०७९/८० को २.८.४ को क्रियाकलाप नं. ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति(आवासीय तथा गैर आवासीय) उपलब्ध गराउने व्यवस्था छ । स्थानीय तहले विद्यालयले छात्रवृत्ति वितरण गरेको भरपाई तथा समग्र कार्यक्रमको प्रभावकारिता अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई यो वर्ष छात्रवृत्ति को लागि रू. १४,६६,८००।- रकम निकासा गरेको छ । अनुदान निकासा गरेकोमा छात्रवृत्ति वितरणको निर्णय, विद्यार्थीको नामनामेसी सहितको विवरण एवं अनुगमन प्रतिवेदन संलग्न गरेको देखिएन । अत: तोकिए अनुसार छात्रवृत्ति वितरण भएको पुष्टयाई पेश हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३.५ **दिवा खाजा-** आर्थिक वर्ष २०७९/८० को लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०७९/८० को अनुसूची ४(ख) मा ४ देखि ९ वर्ष उमेरका बालबालिका लागि दैनिक आवश्यक पर्ने बृहत् र सूक्ष्म पोषक तत्वको मात्रा तोकिएको छ । त्यसै गरि उक्त अनुसूचीले दिवा खाजा व्यवस्थापन सम्बन्धमा दिवा खाजाका लागि स्थानीय स्तरमा उत्पादन हुने खाद्यान्न प्रयोग गरी विद्यालयमा दिवा खाजा तयार गरी विद्यार्थीलाई उपलब्ध गराउने, विद्यालय व्यवस्थापन समितिले अभिभावक आमा समूह मार्फत खाजा व्यवस्थापनको प्रत्यक्ष रेखदेख तथा अनुगमनको व्यवस्था मिलाउन सक्ने र दिवा खाजाका लागि विद्यार्थीलाई नगद उपलब्ध नगराउने उल्लेख छ । पालिकाले सशर्त अनुदानबाट कुल २२ विद्यालयका लागि दिवा खाजा बापत रु. ७२,८६,४२४.४१।- विद्यालयको खातामा रकम निकासा गरेको पाइयो । दिवा खाजा कार्यक्रमको लक्ष्य बमोजिम खर्च भएको सम्बन्धमा पालिकाले अनुगमन गरेको पाईएन । निकासा गरेको रकमको सदुपयोग भए नभएको र विद्यार्थीहरुले तोकिए बमोजिमका पौष्टिकयुक्त खानेकुरा पाए नपाएको सम्बन्धमा पालिका र अन्य सम्बन्धित निकायबाट प्रभावकारी रुपमा अनुगमन हुने गरेको नदेखिएकोले निकासा गरेको रकमको सही सदुपयोग भएको छ छैन एकिन हुन सकिएन । त्यसैले पालिका र यससँग सम्बन्धित निकायले अनुगमन गरि सही सदुपयोगको सुनिश्चिता गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३.६ **विद्यालयको अनुगमन नियमन-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार माध्यमिक तह सम्मका विद्यालय सञ्चालन तथा व्यवस्थापनको लागि आवश्यक नीति निर्माण, अनुगमन मूल्याङ्कन तथा नियमन सम्बन्धी कार्य सम्बन्धित पालिकाले गर्ने व्यवस्था छ । पालिकाले विद्यालय अनुगमन मापदण्ड तयार नगरेको अनुगमन नियमन प्रभावकारी हुन सकेको छैन । जसबाट विद्यालयले प्रदान गरेको शिक्षण सिकाइ कार्य प्रभावकारी रूपमा सञ्चालन भएको छ भन्ने अवस्था नरहेकोले अनुगमन मापदण्ड तयार गरी विद्यालय अनुगमन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३.७


https://nams.oag.gov.np

**शिक्षक दरबन्दी र पदपूर्ति-** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २२ सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । सबै विद्यालयमा तोकिए अनुसार शिक्षक विद्यार्थी अनुपात मिलाउनु पर्ने देखिन्छ ।

| विद्यालयको संख्या | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या | प्रति शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| २२ | १७६ | १७६ | ४ | ८३१० | १:४७ |

सैद्धान्तिक बेरुजु

४३.८ **शिक्षक विद्यार्थी अनुपात-** स्थानीय तहमा रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । विद्यालय समायोजन कार्यान्वियन निर्देशिका, २०७० ले न्यून विद्यार्थी भएका विद्यालयलाई जिल्ला शिक्षा समन्वय अधिकारीको सिफारिसमा जिल्ला शिक्षा समितिले बन्द गरी अर्को पायक पर्ने विद्यालयमा नियमानुसार समायोजन गर्न सक्ने उल्लेख छ । निर्देशिकाको बुँदा नं. १४.१ मा विद्यालय समायोजन सम्बन्धी कार्यक्रम कार्यान्वियनका लागि विद्यालयको तथ्याङ्क संकलन गरी सम्भाव्यता अध्ययन गर्नुपर्ने व्यवस्था छ । शिक्षा नियमावली, २०५९ को नियम ७७(१) मा सामुदायिक विद्यालयहरुको प्रत्येक कक्षामा सामान्यतया उपत्यका तथा तराई, पहाडी र हिमाली क्षेत्रहरुमा क्रमश: ५०, ४५ र ४० विद्यार्थी हुनुपर्ने व्यवस्था छ । सोही नियमावलीको नियम १२क मा अधिकांश कक्षामा नियम ७७ बमोजिम विद्यार्थी संख्या नभएमा विद्यालय गाभ्ने व्यवस्था छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार यस नगरपालिका अन्तर्गत रहेका २२ सामुदायिक विद्यालयहरुमा ८३१० विद्यार्थीहरु अध्ययनरत छन् र शिक्षक विद्यार्थी अनुपात निम्नानुसार रहेको देखिन्छ:

| सि.नं. | विद्यालयको नाम | शिक्षक दरबन्दी | पदपूर्ति | विद्यार्थी संख्या | शिक्षक विद्यार्थी अनुपात |
|---|---|---|---|---|---|
| १ | श्री शारदा सरस्वती मा.वि. | १४ | १४ | ११२९ | १:८१ |
| २ | श्री महाकाली आदर्श मा.वि. | ९ | ९ | ५८१ | १:६५ |
| ३ | श्री शंकर पार्वती मा.वि. | १० | १० | ६६० | १:६६ |
| ४ | श्री पशुपति आ.वि. | ५ | ५ | २२७ | १:४५ |
| ५ | श्री कालिका आ.वि. | ४ | ४ | ११८ | १:३० |
| ६ | श्री पूर्णा आ.वि. | ६ | ६ | ३२१ | १:५४ |
| ७ | श्री गणेश आ.वि. | ३ | ३ | १४७ | १:४९ |
| ८ | श्री पूर्णागिरी आ.वि. चाँदनी | ३ | ३ | ११३ | १:३८ |
| ९ | श्री जमुना आ.वि. | ४ | ४ | ११० | १:२८ |
| १० | श्री मालिका आ.वि. | ६ | ६ | २७७ | १:४६ |
| ११ | श्री भानु मा.वि. | १३ | १३ | १०१९ | १:७८ |
| १२ | श्री लक्ष्मी मा.वि. | १२ | १२ | ७३९ | १:६२ |
| १३ | श्री अम्बिका मा.वि. | १५ | १५ | १००८ | १:६७ |
| १४ | श्री राष्ट्रिय मा.वि. | ८ | ८ | २२५ | १:२८ |
| १५ | श्री ओमकार आ.वि. | ६ | ६ | ३४० | १:५७ |
| १६ | श्री जनज्योती मा.वि. | ८ | ८ | ५५१ | १:६९ |
| १७ | श्री भैरव आ.वि. | ३ | ३ | ६४ | १:२१ |
| १८ | श्री कमलसा आ.वि. | ४ | ४ | ११९ | १:३० |
| १९ | श्री सृजना आ.वि. | ४ | ४ | २८३ | १:७१ |
| २० | श्री पूर्णागिरी आ.वि. दोधारा | ४ | ४ | १०० | १:२५ |
| २१ | श्री हरिओम आ.वि. | २ | २ | ४६ | १:२३ |
| २२ | श्री नवयूग आ.वि. | २ | २ | १३३ | १:६७ |

यस नगरपालिकामा रहेका विद्यालयमध्ये उल्लिखित विद्यालयहरुमा शिक्षक विद्यार्थी अनुपात १:२१ देखि १:८१ सम्म रहेको प्राप्त विवरणबाट देखिन्छ । सो अनुसार कतिपय विद्यालयमा शिक्षक दरवन्दी न्यून अवस्थामा रहेको र कतिपयमा न्यून विद्यार्थी संख्या रहेका कारण प्रति विद्यार्थी लागत बढ्न गएको अवस्था देखिन्छ । अत: न्यून विद्यार्थी संख्या भएको विद्यालय समायोजन एवं शिक्षक दरवन्दी मिलान गरी पठनपाठन व्यवस्थित गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४३.९ **सामुदायिक सिकाइ केन्द्र-** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९/८० मा स्थानीय तहको शिक्षा शाखाले नियमित रुपमा सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्रहरुको स्थलगत निरिक्षण गरी वार्षिक साधारण सभा भएको, विधान वमोजिम पदाधिकारीको निर्वाचन भएको, साधारण सभाबाट बजेट र कार्यक्रम प्राप्त गरेको, गत आ.व. को खर्च स्वीकृत गरेको र

लेखापरीक्षण गरी प्रतिवेदन पेस गरेको लगायतको मापदण्ड पुरा गरेका सामुदायिक केन्द्रहरुलाई एकमुष्ट रु. २ लाख अनुदान उपलब्ध गराउने उल्लेख छ । शैक्षिक पहुँचमा सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक सिकाइ केन्द्र सञ्चालन बापत दोधारा सामुदायिक सिकाइ केन्द्रलाई सञ्चालन रु. २,००,०००।- अनुदान निकासा भएको देखियो । उक्त केन्द्रलाई निकासा भएको अनुदानको उपयोग र उपलब्धी खुल्ने प्रगति प्रतिवेदन पेश गरेको देखिएन । अत: अनुदान उपयोगको प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

४३.१० **निजी विद्यालय अनुगमन कार्यविधि**- पालिकाकाले निजी विद्यालय अनुगमन मूल्याङ्कनका लागि कार्यविधि तयार गर्नु पर्दछ । सो बेगर निजी विद्यालयको शुल्क निर्धारण लगायतका विषयमा प्रभावकारी अनुगमन मूल्याङ्कन हुन सकेको छैन । निजी विद्यालयको समग्र व्यहोरा लगायतका बिषयमा अनुगमन मूल्याङ्कन कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४४ न्यानो झोला कार्यक्रम

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका २ वटा बर्थिङ सेन्टरमा गत वर्ष ५०० थानको प्रतिथान रु.९००।-(कर सहित) दरले र यस वर्ष १००० थान को प्रतिथानको रु. ८९५।-(कर सहित) दरले खरिद गरेकोमा गत वर्ष ४२८ जना र यस वर्ष ४२० जना गरी ८४८ मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । पालिकाको भण्डारमा खरिद गरिएका ६५२ थान न्यानो झोला मौज्दातमा रहेका छन् । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

## ४५ दरबन्दी भन्दा बढी स्वास्थ्य कर्मचारी

स्वास्थ्य सेवा ऐन, २०५३ को अनुसूची-२.१ अनुसार तराईको स्वास्थ्य चौकीमा २ जना छैठौं तहका(हे.इ.कन.), २ जना पाँचौं तहका (हे.इ.) र २ जना चौथो तहका (हे.इ.कन.) गरी ६ जनाको दरबन्दी हुने र आवश्यकता अनुसार ल्याब असिस्टेन्ट र कार्यालय सहयोगी करारमा राख्न पाउने व्यवस्था छ । पालिकाले देहायका ७ जना दरबन्दी भन्दा बढी स्वास्थ्यकर्मी राखी तलब भत्ता भूक्तानी गरेको छ ।

| क्र.सं. | पद | तह | दरबन्दी भन्दा बढी रहेको संख्या |
|---|---|---|---|
| १ | सि.अ.हे.ब.अ. | अधिकृत छैठौं | १ |
| २ | सि.अ.न.मि. | सहायक पाँचौ | ३ |
| ३ | अ.हे.ब. | सहायक पाँचौ | १ |
| ४ | अ.न.मि. | अधिकृत छैठौं | १ |
| ५ | अ.न.मि. | सहायक पाँचौ | १ |
| जम्मा | | | ७ |

पालिकाले उल्लिखित दरबन्दी भन्दा बढी कर्मचारीलाई सरुवा सहमति दिई हाजिर गराएको पाइयो । जसले गर्दा तलब भत्ता भुक्तानीमा कठिन भएको, पटक-पटक स्वास्थ्य मन्त्रालयमा थप रकम निकासाको लागि पठाएको जानकारी हुन आयो । दरबन्दी भन्दा बढी

कर्मचारी रहँदा कर्मचारी जिम्मेवार बिहीन भई पालिका र अन्तर्गतका स्वास्थ्य संस्थामा बसेको पाइयो । हिमाली पहाडी जिल्लाहरुमा स्वास्थ्यकर्मीहरुको दरबन्दी अनुसार पदपूर्ति नहुँदा सामान्य स्वास्थ्य उपचार सेवा उपलब्ध गराउन कठिन भएको अवस्थामा जिम्मेवार बिहीन रहने गरी सरुवा सहमति दिई हाजिर गराउनु उचित देखिदैन । दरबन्दी भन्दा बढी कुनै काम नै नहुने गरी सहमति दिनेलाई अब उप्रान्त यस्तो सहमति नदिने सुनिश्चितता सहित सहमति दिइ सकेको सम्बन्धमा जिम्मेवार बनाउने साथै थप स्वास्थ्यकर्मी आवश्यक भए ओ एण्ड एम गरेर मात्र सोही अनुसार प्रक्रिया पुरा गरी पदपूर्ति गर्ने तथा दरबन्दी भन्दा कार्यरत कर्मचारीहरुलाई अन्यत्र पठाउने व्यवस्था हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६ **औषधी खरिद तथा भण्डारण**

४६.१ **औषधी खरिद**-पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । यस आर्थिक वर्षमा पालिकाले विभिन्न फर्म/सप्लायर्ससँग संघ सशर्त हस्तान्तरण बाट रु १८,२६,४४८।- र पालिकाको तर्फबाट रु ३०,००,०००।- गरी जम्मा रु ४८,२६,४८४।- को औषधी खरिद को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामग्रीमा उल्लिखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४६.२ **औषधीको गुणस्तर**- सार्वजनिक खरिद नियमावलीको नियम १११(१)(ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले यस वर्ष रु. ४८,२६,४८४।- बराबरको औषधि खरिद गरेको पाईयो । वार्षिक रुपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधी तथा सामग्रीहरुको निरीक्षण गराएको पाइएन । अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परीक्षण गर्नुपर्दछ ।

सैद्धान्तिक बेरुजु

४७ **स्वास्थ्य कार्यक्रम सञ्चालन**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको आर्थिक वर्ष २०७९/८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट कार्यान्वयन गरिने स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरुका लागि सञ्चालन मार्गदर्शनले उपचारात्मक सेवा, नर्सिङ्ग तथा सामाजिक सुरक्षा व्यवस्थापन, क्षयरोग नियन्त्रण, स्वास्थ्य शिक्षा, सूचना तथा संचार, परिवार कल्याण, इपिडिमिलोजी तथा रोग नियन्त्रण लगायतका आधारभुत स्वास्थ्य सम्बन्धी विविध कार्यक्रमहरु पालिकाबाट सञ्चालन हुने व्यवस्था गरेको छ । यस्ता कार्यक्रमहरु यस कार्यविधिले तोकेका शर्तहरुमा रही कार्यान्वयन गर्नु पर्ने हुन्छ । यसरी कार्यान्वयन गर्दा कार्यक्रमको नियमित अनुगमन गरी प्रतिवेदन पनि अनिवार्य रहन्छ । एक कार्यक्रम भित्र विभिन्न क्रियाकलापहरु रहन्छन् । ती अन्तरसम्बन्धित रहन्छन् र सबै क्रियाकलापहरु सम्पन्न भएपछिमात्र उक्त कार्यक्रमले सार्थकता पाउँछ । पालिकाले एक क्रियाकलाप गरी अन्य क्रियाकलापहरुलाई निरन्तरता नदिई बीचैमा छोड्ने, एक क्रियाकलापमा बढी खर्च गरी अन्य क्रियाकलापहरुको लागि बजेट अपुग गराई कार्यक्रम अधुरै राख्ने, कार्यविधिले नभनेका अनावश्यक कार्यहरुमा समेत खर्च गर्ने लगायतका कमजोरीहरु गरेको देखिन्छ । त्यस्तै, मार्गदर्शनले निर्देशित गरेबमोजिम अनुगमन, मूल्याङ्कन तथा नियमित प्रतिवेदन भएको पनि देखिदैंन । यस्ता प्रवृत्तिले समग्र स्वास्थ्य तथा जनसंख्या सम्बन्धी कार्यक्रमहरु नै कमजोर हुने र अपेक्षित लाभ प्राप्त हुन नसक्ने जोखिम रहन्छ । अत: पालिकाले स्वास्थ्य कार्यक्रमहरुको प्रभावकारीताको लागि हरेक कार्यक्रमहरुको ब्रेकडाउन गरी सोहि

अनुरुप कार्यक्रम कार्यान्वयनलाई अनिवार्यता गर्ने, कार्यक्रमका सबै क्रियाकलापहरु सम्पन्न गर्ने तथा कार्यविधिले भने बमोजिम अनुगमन गरी प्रतिवेदन गर्ने प्रणालीको विकास गर्नु पर्ने देखिन्छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४८ **बेरुजु लगत**

महालेखा नियन्त्रक कार्यालयले २०७६।७७ देखि नयाँ सरकारी लेखा फारामहरु तीनै तहका सरकारले लागू गर्नु पर्ने गरी ०७६/४/९ मा परिपत्र गरेको थियो । सो परिपत्र अनुसार कार्यालयले महालेखा नियन्त्रक कार्यालयबाट लागू गरेका फारामको अनिवार्य रुपमा राख्नुपर्दछ । पालिकाले बेरुजु लगत खाता म. ले. प. फा. नं. ८०१, सम्परीक्षण गोश्वारा अभिलेख खाता म. ले. प. फा. नं. ८०५ लगायत बेरुजु लगत र फर्स्यौटका लागि आबश्यक म. ले. प. फा. नं. प्रयोगमा ल्याउनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

४९ **बजेट तथा कार्यक्रम तर्जुमा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकामा सो समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्ने सन्दर्भमा गरेकोल कामको विवरण गरेको लेखापरीक्षणको समयमा पेश हुन नसकेकोले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको पुर्ण रुपमा पालना भएको छ भनी आश्वस्तता हुन सकिएन । पालिकाले कानुनमा भएको व्यवस्थाको पूर्ण रुपमा पालना गरी नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५० **म्याद थप सम्बन्धी**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम निर्माण कार्यको म्याद थपको लागि सम्झौंताको समयावधि समाप्त हुनुभन्दा २१ दिन अगावै निर्माण व्यवसायीले म्याद थपको निवेदन दिनुपर्ने र कार्यालयले कार्यतालिका बमोजिम कार्यप्रगति र बाँकी कामको विश्लेषण गरी आवश्यकता र औचित्यता समेतको आधारमा ठेक्काको म्याद थप गर्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले निर्माण कार्यको सम्झौंताहरुको कार्यतालिका अनिवार्य गरेको छैन भने निर्माण व्यवसयीले समेत म्याद समाप्त हुनुभन्दा २१ दिन अगावै म्याद थपको लागि निवेदन दिएको पाइएन ।एउटा सैद्धान्तिक निर्णयले धैरै ठेक्काहरुको म्याद थपेको देखियो । यसले गर्दा सार्वजनिक खरिद व्यवस्थापन कार्य प्रभावकारी हुन सक्दैन । यसतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५१ **न्युन लागत सहभागिता**

संघीय सरकारबाट समपुरक अनुदानमा योजना कार्यान्वियन गर्दा कुल लागतमा संघीय सरकारको ५० प्रतिशत र स्थानीय तहको ५० प्रतिशत हुने गरी ठेक्का व्यवस्थापन गर्नु पर्ने हुन्छ ।पालिकाले ठेक्का नं. ०६।२०७९।८० मलेरिया नाला तटबन्ध निर्माण योजना वडा नं. २ र ठेक्का नं. २६।२०७९।८० मलेरिया नाला तटबन्ध निर्माण योजना वडा नं. २ कार्यको कार्यान्वियन गर्दा स्थानीय तहको भन्दा संघीय सरकारको रु. ९८,९४८.०० बढी खर्च भएको देखिन्छ । यसर्थ संघीय सरकारको बढी खर्च भएको रकम संघीय संचित कोषमा फिर्ता गर्नु पर्दछ । संघीय संचित कोष फिर्ता हुनुपर्ने देखिएको रु.

| असुल गर्नुपर्ने | ९८,९४८ |
|---|---|

५२ **उपभोक्ता समितिको काम**

५२.१ **उपभोक्ताको काम-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृदी हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको

सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, खानेपानी संरचना र सिचाई कुलो निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको रू १७१३१९२९।०० मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन .।

| सि न | उपभोक्ता समितिको नाम | कामको नाम | रकम |
|---|---|---|---|
| १ | कमलशा आ बि भवन निर्माण | २कोठे भवन | २३०९६३४ |
| २ | शकर पार्वती भवन निर्माण | ४कोठे भवन | ४३४६३०१ |
| ३ | दोदाधारा प्रा स्वास्थ्य चौकीको बिधुतिकरण उ स | बिधुतको काम | ९३३३४० |
| ४ | सुदुरपश्चिम महिला जागरण उ स | भवन नि | ५७९७४० |
| ५ | स्वास्थ्य भवन निर्माण उ स १० | भवन निर्माण | ५८७३०४ |
| ६ | जनता आवास कार्यक्रम वडा न ६ उ स | घर निर्माण | ८०७२८९ |
| ७ | स्वास्थ्य इकाई भवन निर्माण उ स | भवन निर्माण | ७५०००० |
| ८ | सामुदायिक इकाई दोदाधारा चादनी १ भवन नि उ स | भवन निर्माण | २४१९७३ |
| ९ | बि पि स्मृति भवन निर्माण उ स | भवन निर्माण | ३८७७०४ |
| १० | इन्द्र बहादुरको घर नजिकै मलेरिया नालामा कल्भर्ट नि उ स | कल्भर्ट निर्माण | १११८६०३ |
| ११ | नया बाटो खोल्ने ग्राबेल नि उ स | ग्राबेल कार्य | ७५६०७५ |
| १२ | शारदा सरस्वती मा बि २ कोठे भवन निर्माण | भवन निर्माण | २५१३९१६ |
| १३ | सुरक्षित नागरिक आवास कार्यक्रम उ स | आवास निर्माण | ७८११७७ |
| १४ | कालिका आ बि भवन निर्माण | भवन निर्माण | २१३९४९९ |
| १५ | बिपन्न परिवार शौचालय निर्माण | शौचालय निर्माण | ८०४४३५ |

सैद्धान्तिक बेरुजु

५२.२ **सार्वजनिक परीक्षण-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५२.३ **गुणस्तर परीक्षण-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समितिले पेश गरेको ल्याब टेष्ट रिपोट बाहेक निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण निम्न अनुसार छन् ।

| सि.नं | निर्माण कामको विवरण | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | मलेरया नाला निर्माण | इश्वर कन्स्टक्शन | ७०१९९३ |
| २ | सडक बत्ती जडान वडान ३ | ग्लोवल टेक्नोलोजी | ५००००० |
| ३ | जनता आवास कार्यक्रम ६ | उपभोक्ता समित | ८०७२९८ |
| ४ | सौर्य बत्ती जडान | घटाल आइटी टेड्र एण्ड सप्लार्स | ८२१४६४ |
| ५ | बिधुत लाईन बिस्तार २ | उग्रतारा निर्माण सेवा | ९७३५८५ |
| ६ | वडा न ३ भित्र ढल निर्माण | देवताल निर्माण सेवा | ८५३७६१ |
| ७ | कृषि शाखा भवन निर्माण | कैलपाल निर्माण सेवा | ९९२६६० |

सैद्धान्तिक बेरुजु

५२.४ **अनुगमन नभएको** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वियन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने ब्यवस्था छ । यस पालिकामा आर्थिक बर्ष २०७९।८० मा संचालन भएका योजना कार्यान्वियन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको पालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन आंशिक पेश गरेको देखिन्छ भने पालिकाद्वारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भनी पालिकाले आधिकारिक समिक्षा गरेको प्रतिबेदन छैन । अतः पालिकाद्वारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन । पालिकादारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन, २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी समिक्षा गरेको प्रतिबेदन अभिलेखगत रूपमा राख्नु पर्दछ ।

सैद्धान्तिक बेरुजु

५२.५ **नापी किताव:-** निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस पालिका कार्यालयद्रारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधारमा भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आर्थिक बर्षका नापी किताब भुक्तानी बिवरण लेखापरीक्षणको क्रममा पेश नभएकोले जोडजम्मा भिडानगर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राख्नु पर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५२.६ **अन्य कार्यालयको खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा स्वीकृत बजेट रकम पालिकाको लागि भएकोले सोही अनुसार अन्यत्र प्रयोजनमा खर्च गर्न नहुने व्यवस्था छ । यस पालिकाले अन्य मन्त्रालयबाट विनियोजित रकमबाट खर्च गर्नुपर्ने कार्यक्रम, निर्माण तथा मर्मत कार्यको लागि यस कार्यालयले निमार्ण गरी भुक्तानी गरेको नियमसम्मत देखिएन । स्वीकृत बजेट तथा कार्यक्रम अनुसार निर्धारित कार्यक्रमाको उपलब्धि प्राप्त गर्ने गरी खर्च गर्नुपर्ने हुँदा अन्य निकायको लागि खर्च गर्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ । केही उदाहरण निम्म छन ।

| भौचर न | कामको बिवरण | रकम |
|---|---|---|
| ५८।२०७९।७।१६ | सशस्त्र प्रहरी कार्यालय देबिस्थान ब्यवस्थापन | १००००० |
| १८७।२०८०।१।२१ | सृजना बचत तथा ऋण सहकारी संस्था | ४७८३१ |
| १९८।२०८०।१।२८ | जिल्ला प्रशासन कार्यालय | २८०२४० |
| २३३।२०८०।२।२२ | साना किसान सहकारी संस्था | १००००० |

सैद्धान्तिक बेरुजु

५२.७ **जनश्रमदान-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ भने महकाली नगरपालिकाको उपभोकेता गठन परिचालन तथा ब्यवस्थापन सम्बन्धि कार्य बिधि २०७५को नियम ७को ३का १५ प्रतिशत जनसहभागिता हुनु पर्ने ब्यस्था छ ।पालिकाले निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा मूल्यांकन भए अनुसार अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो नगरी भुक्तानी दिएकोले देहाय अनुसारको उपभोक्ता समितिबाट घटी अनुपात कट्टी गरेको रकम असूल गर्नु पर्ने देखिएको रु

| गो.भौ.नं. | उपभोक्तासमिति र काम | मुल्याङ्न रकम | जनसहभागिता बेहोर्ने रकम | जनसहभागिता भएको रकम | घटीअनुपातिक कट्टीरकम | शिर्षक |
|---|---|---|---|---|---|---|
| ८६। २०७९। ९।११ | दोदाधारा प्रा स्वास्थ्य चौकीको बिधुतिकरण उ स | १०३७२२५ | १५५५८३ | १०३८८५ | ५१६९८ | न पा |
| १०७। २०७९। १०।२९ | सुदुरपश्चिम महिला जागरण उ स | ६६७१७३ | १०००७५ | ८७४३३ | १२६४२ | |
| ३०६। २०८०। ३।११ | स्वास्थ्य इकाई भवन निर्माण उ स | ८५१४५० | १२७७१७ | १०१४४९ | २६२६८ | |
| ३५१। २०८०। ३।१९ | इन्द्र बहादुरको घर नजिकै मलेरिया नालामा कल्भर्ट नि उ स | १२३३२८४ | १८४९९२ | ११४६८१ | ७०३११ | |
| ११९। २०८०। ३।२० | कालिका आ बि २ कोठे भवन निर्माण | २५१७०५८ | ३७७५५८ | २७३८८९ | १०३६६९ | संघ |
| ११२। २०८० ३।२० | शारदा सरस्वती मा बि २ कोठे भवन निर्माण | २५१३९१६ | ३७७०८९ | २७५८७८ | १०२२०९ | |
| १४४। २०८० | कमलशा आ बि | २५३६६८८ | ३८०५०३ | २८६६८७२ | ९३८१६ | |

| असुल गर्नुपर्ने | ४,६०,६१३ |
|---|---|

## ५३ आय ठेक्का

५३.१ **प्रारम्भिक वातावरणीय प्रभाव मूल्याङ्कनको मापदण्ड-** ढुङ्गा गिट्टी बालुवा उत्खनन् बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ तथा सुदुर पश्चिम प्रदेशको नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि २०७५ को व्यवस्था अनुसार ठेक्का व्यवस्थापन गर्नको लागि वातावरणीय अध्ययन अनिवार्य गरिएको छ । प्रतिदिन १०० घनमिटर सम्मको उत्खननमा वातावरणिय अनुसन्धानलाई अनिवार्य गरिएको छैन भने १०० देखि ३०० घनमिटर प्रतिदिन उत्खनन गर्ने कार्यको लागि प्रारम्भिक वातावणीय प्रभाव मुल्याङ्कन (IEE) र सो भन्दा बढी उत्खनन गर्ने भएमा वातावरणीय प्रभाव मुल्याङ्कन (EIA) तयार गर्नु पर्ने व्यवस्था रहेको छ । पालिकाले महाकाली नदीको वडा नं १ वाट उत्खनन गर्न सकिने परिमाण ३६३ घनमिटर प्रतिदिन र वडा नं ४ बाट उत्खनन गर्न सकिने परिमाण ५० घनमिटर प्रतिदिन गरी जम्मा ४१३ घनमिटर प्रतिदिन उत्खनन गर्न सकिने गरी परामर्शदाता श्री Ayika Research and Consultants Private Limited Dhangadhi Kailali ले IEE प्रतिवेदन दिएको छ । उल्लिखित कानूनी व्यवस्था अनुसार यसको लागि EIA गर्नुपर्ने देखिन्छ तर पालिकाले सोही IEE प्रतिवेदनलाई नै स्वीकृत गरी ठेक्का व्यवस्थापन गरेको पाइयो । यसरी ठेक्का व्यवस्थापन गर्दा मानव, वातावरण र विकासको बीचमा समुचित सन्तुलन कायम हुन सक्दैन । फलतः दिगो विकास लक्ष्य प्राप्त हुने देखिँदैन । यसतर्फ पालिकाको ध्यान जानु जरुरी छ ।

| सैद्धान्तिक बेरुजु |
|---|

५३.२

**ढुङ्गा गिट्टि वालुवाको ठेक्का व्यवस्थापन-** ढुङ्गा गिट्टि वालुवाको उत्खनन् र विक्रि सम्बन्धि मापदण्ड २०७६ तथा सुदुर पश्चिम प्रदेशको यस सम्बन्धिको मापदण्ड बमोजिम ठेक्का व्यवस्थाको लागि सम्बन्धित व्यक्ति फर्म कम्पनी वा संस्थाले कबोल अंकको न्यनतम रुपमा ५० प्रतिशत रकम जम्मा गरी बाँकी रकमको मान्यता प्राप्त वाणिज्य वैकको कम्तिमा पनि सम्झौताको समयावधि सम्म मान्य अवधि कायम भएको वैक जमानत संलग्न राखि सम्झौंता गर्नु पर्ने र सम्झौंतामा बाँकी रकम भूक्तानीको लागि किस्ता रकम र समयावधि उल्लेख गरी राख्नु पर्ने व्यवस्था छ । पालिकाले महाकाली नदीको ढुङ्गा गिट्टि वालुवाको उत्खनन् तथा विक्रीको लागि दिमुक निर्माण सेवासँग रु. १,३२,४३,६००.०० मा सम्झौता भएकोमा सोको ५० प्रतिशतले हुने रु. ६६,२१,८००.०० कृषि विकास वैक स्थित पालिकाको खातामा जम्मा गरेको भौंचर संलग्न छ । बाँकी रु. ६६,२१,८००.०० को कृषि विकास बैकको बैक जमानत संलग्न रहेको छ । जम्मा हुन बाँकी रहेको रकमको भुक्तानीको लागि निश्चित समायवधी उल्लेख गरेको देखिएन । सो निर्माण व्यवसायीले सम्झौंताको समायवधि समाप्त भएको एक महिना पश्चात मात्र दाखिला गरेको पाईयो । यसर्थ सम्झौंताको समयावधि भन्दा ढिलो गरी जम्मा हुन आएको रकमको व्याज समेत एकिन गरी सम्बन्धित बाट असुल गरी राजश्व दाखिला हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३.३ **अमानतबाट आम्दानी-** जोगबुढा खोला बाट ढुङ्गा गिट्टि वालुवाको उत्खनन् तथा विक्रिको लागि पालिकाले कार्यालय सहयोगि लगायतका सहायक स्तरका कर्मचारीहरुलाई फिल्डमा खटाएको देखियो । अमानतबाट नदिजन्य पदार्थको उखनन् र विक्रि गर्दा सुदर पश्चिम प्रदेश सरकारको प्रदेश आर्थिक ऐन २०७८ मा भएको व्यवस्था बमोजिम प्रतिघनमिटर रु १०५।८४ मुल्य अभिबृद्धि कर बाहेक वा रु ३ प्रति घनफिट मा बिक्रि गर्नु पर्नेमा रु १०५ प्रतिघनमिटर मात्र उठाएको देखियो । तोकिएको दरमा नै बिक्री गर्ने व्यबस्था हुनुपर्दछ।

सैद्धान्तिक बेरुजु

५३.४ **आन्तरिक आम्दानी-** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा स्थानीय तहले आफ्नो क्षेत्रको राजश्वको अनुमान गर्ने र त्यसबाट राजश्व प्राप्त गर्नसक्ने व्यवस्था छ । विगतमा भएको प्रारम्भिक वातावरणिय प्रभाव मुल्याङ्कनको आधारमा २,००,६४५.०० घन मिटर ढुङ्गा, गिट्टि, बालुवाको उत्खनन् सम्बन्धीको ठेक्काको लागि तेस्रोपटक सम्म सूचना प्रकाशन गरेकोमा कुनै पनि व्यक्ति फर्म संस्था वा कम्पनीले बोलपत्र पेश नगरेको भन्ने कार्यालयको भनाई रहेको छ । यसरी ठेक्का व्यवस्थापन हुन नसकेपछी मिति २०७९।०७।२८ मा वडा कार्यालयहरुलाई अमानतबाट ढुङ्गा, गिट्टि, बालुवाको उत्खनन् र बिक्रिको जिम्मेवारी दिएको देखिन्छ । यसरी अमानतबाट आर्थिक वर्ष २०७९।८० मा रु. १,०१,५०,०८५.५१ राजश्व आम्दानी भएको देखिन्छ । पालिकाको निर्णयानुसार वडा कार्यालयहरुलाई अमानतबाट राजश्व उठाउन भनीएकोमा वडा कार्यालयहरुले ढुङ्गा, गिट्टि, बालुवाको उत्खनन् र बिक्रिको छुट्टै विवरण बनाएर बैक दाखिला गर्ने तथा पालिकामा प्रतिवेदन दिने गरेको देखिएन । ढुङ्गा, गिट्टि, बालुवाको उत्खनन् र बिक्रि वापतको आम्दानीमा मुल्यअभिवृद्धिकर समेत असुल गरी संघीय राजश्व खातामा जम्मा गर्नु पर्ने व्यवस्था रहेको छ । यसर्थ पालिकाले आर्थिक वर्ष २०७९।८० मा ढुङ्गा, गिट्टि, बालुवाको उत्खनन् र बिक्रि वापतको आम्दानी र मुल्य अभिवृद्धिकर हिसाब गरी ढिलो गरी दाखिला भएको सन्दर्भमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलीमा भएको व्यवस्था बमोजिम १० प्रतिशत जरिवाना समेत गणना गरी सम्बन्धितबाट असुल गरी सम्बनधित राजश्व खाताहरुमा जम्मा भएको प्रमाण पेश हुनुपर्दछ ।

सैद्धान्तिक बेरुजु

५३.५ **अनुगमन प्रतिवेदन नरहेको-** पालिकाले एक आर्थिक वर्षमा उत्खनन् र बिक्रि गरेको नदिजन्य पदार्थको परिमाण को बारेमा अनुगमन गरी एकीन गर्नु पर्नेमा सो हुन सकेको देखिँदैन । यसका साथै पालिकाले सो ठेक्कामा नदिजन्य पदार्थको लागि रसिदको प्रयोग भयो भनी अभिलेख पनि व्यवस्थित गरेको देखिँदैन ।वातावरणिय प्रतिवेदन तथा सम्झौंता बमोजिम नदिजन्य पदार्थको उत्खनन् र बिक्रि गरी स्थानीय आत्मनिर्भरता कायम गर्दै मानव विकास र वातावरण बीचको समुचित सन्तुलन कायम गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

सैद्धान्तिक बेरुजु

५४ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता मितव्ययिता प्रभावकारिता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन। पालिकामा यस्तो प्रकृतिको खर्चले थप व्यभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतिको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| **क्र.स. क्र.स.** | **भौ.नं. /मिति** | **विवरण** | **भुक्तानीरकम** |
|---|---|---|---|
| १ | १९२-२०७९।०७।२० | नेपाल रेडक्रस सोसाईटी जिल्ला कार्यालय कञ्चनपुर | १,००,००० |
| २ | ५१६-२०७९।११।०२ | नेपाल रेडक्रस सोसाईटी उपशाखा दोधरा | ९३,१२५ |
| ३ | ५५०-२०७९।११।०८ | नेपाल आदिवासी जनजाति महासंघ | १,९३,४६४ |
| **जम्मा** | | | **३,८६,५८९** |

सैद्धान्तिक बेरुजु

५५ **निजि शिक्षक**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। साविकको जिल्ला शिक्षा कार्यालयवाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी शैक्षिक सत्र २०७९ का लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ। पालिकाले निजि शिक्षक नियुक्त गरि विभिन्न विद्यालयलाई दरबन्दी बेगर रू.८१,४६,०१२। रकम विद्यालयको खातामा पठाएको छ।कार्यभार यकिन गरी आवश्यक पर्ने शिक्षक दरबन्दी निर्धारण समेतको आधारमा उचित छनौट प्रकृयाबाट छनौट भई अध्यापन गराइरहेका शिक्षकको पारिश्रमिक मात्र राजश्व बाडँफाडबाट खर्च गर्न सकिने प्रावधान रहेकोले यस तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

| **क्र.सं.** | **भौ.नं. र मिति** | **भुक्तानी रकम** | **स्रोत** | **कैफियत** |
|---|---|---|---|---|
| २ १ | २१-२०७९।०६।०७ | १७,०१,१६०। | राजस्व बाँडफाँड | पहिलो त्रैमासिक |
| २ | ३१३-२०७९।०८।२९ | २१,६३,३००। | राजश्व बाँडफाड | दोस्रो त्रैमासिक |
| ३ | ५७४-२०७९।११।१४ | ६,७५,०१०। | राजश्व बाँडफाड | माघ |
| ४ | ७८१-२०८०।०२।०४ | ९,१२,०००। | राजश्व बाँडफाड | फागुन,चैत्र र वैशाख महिना |
| ५ | ७८२-२०८०।०२।०४ | १२,६८,२२६। | राजश्व बाँडफाड | फागुन,चैत्र र वैशाख महिना |
| ६ ६ | ९७५-२०८०।०३।२० | १४,२६,३१६। | राजश्व बाँडफाड | जेठ र असार |
| **जम्मा** | | **८१,४६,०१२।** | | |

सैद्धान्तिक बेरुजु

५६ **भुक्तानी दिन बाँकीको विवरण**

आर्थिक तथा वित्तिय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ (१३) बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र भुक्तानी बाँकीको विवरण म.ले.प.फा.नं.२२१ प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ ।पालिकाले आ.व. २०७८।७९ को भुक्तानी बाँकी रू.३,१३,३२,२५७। यो बर्ष नगर सभावाट प्रमाणित नगरि भुक्तानी गरेको छ। त्यस्तै नियम ३९ को उपनियम १५ मा दायित्व सिर्जना भई भुक्तानी दिन बाँकीको विवरणमा समावेश भएको खर्च रकममध्ये तोकिएको खर्चको भुक्तानी दिन बाँकी रहेमा चालु आर्थिक वर्षको सम्बन्धित बजेट रकमबाट भुक्तानी दिन पुग्ने देखिएमा मन्त्रालयगत बजेट सूचना प्रणालीमा प्रविष्ट गराई सम्बन्धित कार्यालयले भुक्तानी दिन सक्ने व्यवस्था छ।तर पालिकाले नियममा नतोकिएको कर्मचारिको वैठक भत्ता, भ्रमण खर्च लगायतका शिर्षक पनि भुक्तानी बाँकीमा राखि रकम भुक्तानी गरेको छ। यस्तो भुक्तानीमा नियन्त्रण हुनुपर्दछ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५७ **विविध परीक्षण**

५७.१ **एज बिल्ड ड्रोइङको भुक्तानी-** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयले भौचर न २।२०७९।१०।९ बाट के एस मित्र बासुलिडलाई ठेक्का न१।HBC।२०७७।७८को दोस्रो रनिङ बिल भुक्तानी गर्दा एज बिल्ड ड्रोइङ संलग्न नराखी रू १,५२,०००।०० भुक्तानी गरेको छ । तसर्थ, असुल गरी संघिय संचित कोष दाखिला गर्नु पर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५२,००० |

५७.२ **बढी भुक्तानीः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयले भौचर न ७।२०८०।३।१५ बाट के एस मित्र बासुलिडलाई ठेक्का न१।HBC।२०७७।७८ को चौथो रनिङ बिल भुक्तानी गर्दा मु अ कर सहित रू ५४,७१,७४३।६३ बढी भुक्तानी भएकोले असुल गरी संघिय संचित कोष दाखिला गर्नु पर्ने देखिएको रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,७१,७४३.६३ |

५७.३ **कृषि, तथा पशु, अनुदान**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धि नीति, मार्गदर्शन, २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर क्षर्तिपुर्ति, औषधीउपचार, संघ संस्थालाई आर्थिक सहायता, प्रोत्साहन वापतको अन्य अनुदान तथा कार्यक्रममा खर्च उपलब्ध गराउने उल्लेख छ । स्वीकृत योजना अनुसार मेसीनरी औजार, प्लास्टिक पोखरी, बिउ, उपचार मेसीन अन्य सामान समेत आपूर्तक मार्फत खरिद बिल संलग्न गरी शत प्रतिशत अनुदानमा कृषक समूह तथा कृषक, र संस्थालाई अनुदान दिएको छ । अनुदानमा वितरण गरिने उपकरणहरु खरिद गर्दा ऐन नियमावली अनुसार खरिद गर्नु पर्ने र वितरित उपकहरणहरु प्रयोगमा रहे नरहेको नियमित अनुगमन हुनु पर्दछ। कार्यालयले यस बर्ष निम्न अनुसारको कार्यक्रममा अनुदान उपकरण ओषधि बिउ बिजन खरिद गरी बितरण गरेकोमा बितरणको नियमित अनुगमन गरी प्रतिबेदन लिई अभिलेख राखेको देखिएन । अत कार्यालयले अनुदान कार्यक्रमको अनुगमन गरी प्रतिबेदन राख्नु पर्दछ । केही उदाहरण निम्न छन ।

| भौचर न | कार्यक्रमको नाम | रकम | कैफिएत |
|---|---|---|---|
| ६८।२०७९।७।२० | भेटनरी औषधी तथा कार्यक्रम | ८००४७० | सहायक जिन्सी खाता ब्यवस्थित नभएको |
| १३२।२०७९।११।१७ | बिए बिजन अनुदान कार्यक्रम | ४९९२०० | अ मु नभएको |
| १३९।२०७९।१२।५ | मिनी कीट कार्यक्रम | ४२२५९९ | |
| १५०।२०७९।१२।३० | भेटेनरी समान खरिद | ४४९०५२ | सहायक जिन्सी खाता ब्यवस्थित नभएको |
| २१२।२०८०।२।४ | भेटेनरी औषधी खरिद | २४९५८० | |
| २४७।२०८०।२।२६ | भेटेनरी औषधी खरिद | २९५९०० | |
| ३९६।२०८०।३।२३ | कर्षि तथा पशु बिकास कार्यक्र | ८२६००७ | |

सैद्धान्तिक बेरुजु

५७.४ **अमानतको कार्य** - सार्वजनिक खरिद नियमावली २०६४को नियम ९८को ३ मा अमानतबाट निर्माण कार्य गर्नु परेमा त्यस्तो काम एक लाख रूपैपा नबढाई खण्ड खण्ड गरी बार्ताबाट गराउन वा निर्माण सम्बन्धी काम आवश्यक निर्माण सामाग्री उपलब्ध गराई ज्यालामा दिन सक्ने ब्यवस्था छ । यस पालिका कार्यालयले बिभिन्न शिर्षकबाट अमानतको कार्य पालिका कर्मचारीलाई रकम भुक्तानी दिई गराएको देखिन्छ ।यसरी नियमावलीको ब्यवस्था बिपरीत सामाग्री सहितको रकम कर्मचारीलाई दिई कार्य गरेको नियमसंगत देखिएन । अत पालिकाले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

| शिर्षक | अमानत संख्या | रकम |
|---|---|---|
| नगरपालिका पुजिगत | ८ | ९,०५,३४४।०० |

सैद्धान्तिक बेरुजु

५७.५ **खर्च पुष्टयाई गर्ने प्रमाण नभएकोः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले निम्म भौचरबाट भुक्तानी दिई खर्च गरेको रकमबाट गरेका कार्यको सक्कल बिल श्रेस्तासाथ राखेको देखिएन । अत पालिका कार्यालय खर्च पुष्टयाई गर्ने सक्कल बेगर निम्न फर्मलाई भुक्तानी गरेको रकमको सक्कल प्रमाण पेश गर्नु पर्ने देखिएको रू

| भौचर न | कार्यको बिवरण | फर्म वा पार्टीको काम | रकम | कैफिएत |
|---|---|---|---|---|
| ४४।२०७९। ६।१२ | ६ बुण्डल टिन खरिद | न्यु सिदार्थ टेड्रस एण्ड सप्लार्स | १९२३७१ | बितरण भरपाई र सक्कल बिल नभएको |
| २५७।२०८०। २।३१ | बिज्ञापन ।सुचना | रिभर एडभरटाइजिङ्ग | १४३५९४ | सक्कल बिल नभएको |
| ४१६।२०८० ३।२४ | हयुम पाइप खरिद | बिशाल हयुम पाइप | ९८०६२ | सक्कल बिल नभएको |
| २५६।२०८०। २।३० | सिचाई बोर खरिद | कृण हार्डवेयर | ७७९९१७ | जडानको प्रमाण नभएको |
| १७८।२०८०। १।१४ | कृषि सिचाई मोटर बोर खरिद | न्यू सिदार्थ टेड्रस एण्ड सप्लार्स | ६६९७७३ | सक्कल बिल र जडान प्रतिबेदन नभएको |
| १२२।२०७९ ।११।१० | बिपन्न परिवार शौचालय निर्माण | ३३वटा | ८०४४३५ | जडान र सम्पन्न प्रतिबेदन नभएको |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,८८,१५२ |

५७.६ **सुरक्षित नागरिक बिपन्न आवास कार्यक्रम-** बिपन्न सहयोग कार्यक्रम संचालन कार्यबिधि २०७७ को बुदा न ३ मा आफ्नो स्वामित्वमा ३ कठ्ठा वा सो भन्दा कम जग्गा भएको र आय स्रोत केही नभएको र घर पनि नभएको ब्यक्तीलाई प्रथमिक्ता दीई परिवार छनौट गर्ने ब्यवस्था छ ।यस नगरपालिका कार्यालयले उक्त कार्यक्रम कार्यान्वियन गर्दा बिपन्न परिवार छनौट गरेको अभिलेख प्रमाण राखेको देखिएन । नगरपालिकाले आर्थिक बर्ष २०७६।७७ देखि उक्त कार्यक्रम संचालन गरी आर्थिक बर्ष २०७९।८० सम्म संचालन गरेको देखिन्छ । कार्यलय संग उक्त कार्यक्रमबाट हालसम्म कति वटा बिपन्न परिवारका घर निर्माण भए भनिअभिलेख भिडान गर्दा अभिलेख राखेको देखिएन ।यसरी अभिलेख बेगर बार्षिक नगरपालिकाले खर्च गर्ने अभिलेख नराख्ने कार्य वास्तबिक हो भन्न सकिएन ।कार्यालयले यस बर्ष जनता आवास कार्यक्रममा रू ५०७००००।००खर्च गरेको देखिन्छ । अतः कार्यालयले हाल सम्म कतिवटा परिवारका भवन निर्माण गरेको हो एकिन गरी अभिलेख राख्नतर्फ ध्यान दिनु पर्दछ ।

| |
|---|
| सैद्धान्तिक बेरुजु |

५७.७ **जिल्ला दर भन्दा बढी दरमा भुक्तानीः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयले फर्मबाट समान खरिद गर्दा जिल्ला दर रेट बढी बढी दरमा खरिद गरेको देखिएकोले बढी दरमा भुक्तानी भएको नियमसंगत नदेखिएको रू.

| भौचर न | कार्यको बिवरण | फर्मको नाम | परिमाण | जिल्ला दर | खरिद दर | फरक रमक | जम्मा |
|---|---|---|---|---|---|---|---|
| ६४।२०७९। ७।२० | बिधुत पोल खरिद | कैलाली कंक्रिट इण्डीष्टी | २० | १४६३० | १६८०५ | २१७५ | ४३५०० |
| ३७०।२०८० ।३।२२ | बिधुत पोल खरिद | भागेश्वर हयुम पाइप | २२ | १४६३० | १६८०० | २१७० | ४७७४० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९१,२४० |

५८ **क्याम्पसलाई रकम भुक्तानी**

नेपालको संबिधानको धारा ५७(४) मा स्थानीय तहको अधिकार अनुसूची - ८ मा उल्लेखित बिषयमा निहित रहने उल्लेख छ। यस्तो अधिकारको प्रयोग यो संबिधान र गाउँसभा वा नगर सभाले बनाएको कानूनबमोजम हुने उल्लेख छ ।यसैगरी स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ मा स्थानीय तहलाई संबिधानको अनुसूची-८ बमोजम एकल अधिकारको सूची अर्न्तगत आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार भित्र पर्ने देखिन्छ।उक्त दफा बमोजम स्थानीय तहले सामुदायिक बिद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत संभार, संचालन र व्यबस्थापन लगायतका काम गर्न सक्ने देखिन्छ । तर पालिकाले निम्न भौ.नं./मितिमा भानु बहुमुखी क्याम्पसलाई जम्मा रू.११,९४,३५०। भुक्तानी दिएको कार्य पालिकाको कार्य क्षेत्र भित्र पर्ने नदेखिएकोले उक्त खर्च नियम सम्मत देखिएन।

| क्र.स. | भौ.नं. र मिति | विवरण | रकम |
|---|---|---|---|
| १ | २६०-२०७९।०८।१४ | शैक्षिक भ्रमणको लागी | २०,०००। |
| २ | ७२९-२०८०।०१।२५ | शिक्षकको तलव भत्ता को लागी रकम भुक्तानी | ७,००,०००। |
| ३ | ७३२-२०८०।०१।२७ | छात्रवृत्ति वितरणको लागी रकम भुक्तानी | ३९,०००। |
| ४ | ९२०-२०८०।०३।१३ | पुस्तकालय व्यवस्थापनको लागी रकम भुक्तानी | २,८५,३५०। |
| ५ | ९०६-२०८०।०३।११ | छात्रवृत्ति र परिक्षा कार्यक्रम संचालन गर्न। | १,००,०००। |
| ६ | ९४७-२०८०।०३।१९ | परिक्षा व्यवस्थापनको लागी | ५०,०००। |
| **जम्मा** | | | **११,९४,३५०।** |

सैद्धान्तिक बेरुजु

५९ **आन्तरिक लेखापरीक्षण**

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

त्यस्तै प्रत्येक स्थानिय तहले आफ्नो आन्तरिक कारोबार, आन्तरिक जाचँ एवं आर्थिक कार्यप्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यवस्था भए पनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन। आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोबार अव्यवस्थित भई वित्तीय जोखिम बढ्ने संभावना रहन्छ।तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरि नियमित आन्तरिक लेखापरीक्षण गराई आर्थिक त्रुटी एवं जालसाँजीका कारण आर्थिक कारोबारमा हुन सक्ने जोखिम न्युनिकरण गर्नुपर्दछ।

सैद्धान्तिक बेरुजु

६० **सोझै खरिद**

६०.१ **सोझै खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा तोकिएको सिमामा मात्रै मालसामान वा परामर्श सेवा वा अन्य सेवा सोझै खरिद गरेको वा निर्माण कार्य सोझै गराउन सक्ने ब्यवस्था छ भने १(ख)मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सिमाभन्दा बढी रकमको वा एउटै ब्यक्ती,फर्म,कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भन्ने ब्यवस्था छ । यस पालिका कार्यालयले उपलब्ध गराएको बिवरण अनुसार एउटै प्रकृतिको समान एक पटक भन्दा बढी पटक ट्क्रा गरी र बिभिन्न पार्टीबाट पटक पटक खरिद गर्ने गरेको देखिन्छ । यसरी कानुनमा भएको ब्यवस्था पालना नगरी एउटै प्रकृतिका समान पटक

पटक र बिभिन्न पार्टीसंग पटक पटक पुजिगत शिर्षकबाट खरिद गरेको रु.१,०९,४०,३८८।०० नियमसंगत भन्न सकिएन । अतः पालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ । केही उदाहरण निम्न छन:

| भौचर नं. | योजना तथा कार्यक्रमको नाम | पार्टीको नाम | रकम |
|---|---|---|---|
| २६।२०७९।६।९ | मोटर बोर खरिद | इश्वर कन्स्टक्शन | २५४०२९ |
| २९।२०७९।६।९ | ह्युम पाइप खरिद | इश्वर कन्स्टक्शन | १९३५८४ |
| २४।२०७९।६।९ | मोटर बोर खरिद | इश्वर कन्स्टक्शन | ५९१३६४ |
| १६०।२०७९।११।२६ | मलेरिया नाला निर्माण | इश्वर कन्स्टक्शन | ७०१९९३ |
| १७८।२०८०।१।१५ | कृषि सिचाइ मोटर बोर खिरद | न्यु सिदार्थ टेड्रस एण्ड सप्लार्स | ६६९७७३ |
| १८४।१।२० | जनता आवास कार्यक्रम | न्यु सिदार्थ टेड्रस एण्ड सप्लार्स | १३९८९१ |
| ४०३।२०८०३।२४ | कृषि सिचाइ मोटर बोर खिरद | न्यु सिदार्थ टेड्रस एण्ड सप्लार्स | ४८३१४७ |
| ३९६।२०८०।३।२३ | नगरप्रमुख कृषि बिकास कार्यक्रम | न्यु सिदार्थ टेड्रस एण्ड सप्लार्स | ८२६००७ |
| १७२।२०८०।१।११ | सडक बत्ती जडान | बोहोरा इलेक्टीक्स एण्ड सप्लार्स | ५८९३५१ |
| ३३१।२०८०।३।१८ | सडक बत्ती जडान | बोहोरा इलेक्टीक्स एण्ड सप्लार्स | २९७९३० |
| १६५।२०८०।१।१० | कृषि सिचाइ मोटर बोर खिरद | जय गणेश्वर एण्ड सप्लार्स | ४८०१३७ |
| १७९।२०८०।१।१९ | नगरपालिका परिसर पार्कीङ्ग निर्माण | जय गणेश्वर एण्ड सप्लार्स | ९२५००० |
| २५६।२०८०।२।३० | नगरपालिका भवन निरन्तर | कृष्ण हार्डवेयर | ७७९९१७ |
| २८४।२०८०।३।७ | बिधुत लाइन बिस्तार वडा न२ | न्यू उग्रतारा निर्माण सेवा | ९७३५८५ |
| २८६।२०८०।३।७ | बिधुत लाइन बिस्तार वडा न४ | एस आर निर्माण सेवा | ७३४७२४ |
| २८८।२०८०।३।७ | बिधुत लाइन बिस्तार वडा न७ | जग्दम्बा बेताल नि से | ९२२२३८ |
| २८२।२०८०।३।७ | बिधुत लाइन बिस्तार वडा न१ | चन्द्रतारा निर्माण सेवा | ४९३६४० |
| २८४।२०८०।३।७ | बिधुत लाइन बिस्तार वडा न ३ र ८ | अमृत कनस्टक्शन | ८८४०७८ |
| जम्मा | | | १,०९,४०,३८८ |

सैद्धान्तिक बेरुजु

६०.२ **कोटेशनको कार्य-** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८(२) मा र नियमावली २०६४ को नियम ८४ मा १० लाख भन्दा बढीको खरीदमा शिलवन्दी दरभाउ पत्र माग गरी खरीद गर्नु पर्ने, एकै प्रकारको समान पटक पटक खरिद गर्न नहुने र प्याकेजमा खरिद गर्न सकिने समानको प्याकेज बनाई प्रतिष्पर्धी मुल्यमा खरिद गर्नु पर्ने एउटै प्रकृतिका समान प्रतिस्पधी मुल्यमा खरिद गर्दा प्याकेज तयार गरी खरिद गर्नु पर्ने व्यवस्था समेत छ । कार्यालयले आर्थिक वर्ष २०७९।८० मा बोलपत्र वा शिलवन्दी दरभाउ पत्र माग नगरी अधिकांश निमार्णका कार्य कोटेशनद्रारा गरेको देखिन्छ । यसरी बिभिन्न योजनाको निमार्ण गराएको कार्य गुणस्तरीय भए नभएको कार्यालयले अनुगमन समेत गरेको, प्रमाण अभिलेख राखेको देखिएन साथै उक्त कार्यको ल्याब परीक्षण गरेको देखिएन । यसरी एउटै प्रकृतीका कार्य फरक फरक लागत अनुमान तयारी गरी सोही अधारमा सोझै कोटेशन माग गरी कार्य गर्दा ०.१३ प्रतिशत देखि ० .७२ प्रतिशत सम्म मात्र घटेको देखिन्छ भने बोलपत्रको माग गरी कार्य गराउदा करिब १० देखि ३५ प्रतिशत सम्म घटी प्रतिस्पधा भएको देखिन्छ। यसरी

प्रतिशपर्धा नगरी सोझै कोटेशनदारा पालिकाले खर्च लेखेको रकमलाई नियमसंगत हो भन्न सक्ने आधार देखिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी सार्वजनिक खरिद ऐन नियमावलीको प्रक्रिया पालना गर्नु पदर्छ । यस्ता केही उदाहरण निम्न प्रकार छन ।

| गो.भौ. न | योजनाको नाम | लागत अनुमान | भुक्तानी रकम | घटी प्रतिशत |
|---|---|---|---|---|
| १७८।२०८०।१।१५ | कृषि सिचाईका लागी बोर मोटर खरिद | ६७१८५१ | ६६९७७३ | ०।१३ |
| १७२।२०८०।१।११ | सडक बत्ती जडान वडा न९र ८ | ५९२७९८ | ५८९३५१ | ०।५८ |
| १७९।२०८०।१।१९ | नगरपालिका परिसरमा पार्किङ्ग् निर्माण | ९३६५५० | ९२५००० | ०।५४ |
| २५६।२०८०।२।३० | नगरपालिका भवन निरन्तर | ७८५६२६ | ७७९९१७ | ०।७२ |
| २८४।२०८०।३।७ | बिधुत लाइन बिस्तार वडा न२ | ९९९१४२ | ९७३५८५ | ०।१७ |
| | | | | |
| २९४।२०८०।३।७ | बिधुत लाइन बिस्तार वडा न३र ८ | ८८७८८१ | ८८४०७८ | ०।०७ |

सैद्धान्तिक बेरुजु

६०.३ **लागत अनुमान-** सार्वजनिक खरिद ऐनको दफा ५को १ मा सार्वजनिक निकायले कुनै पनि खरिदको लागी तोकिए बमोजिम लागत अनुमान तयार गर्नु पर्ने ब्यवस्था छ । यस पालिकाले आर्थिक बर्ष २०७९।८०मा कार्यालयबाट खरिद गरी भुक्तानी गरिएका कोटेशनका कार्यको लागत अनुमान तयार नगरी सोझै कोटेशन माग गरी भुक्तानी गरेको देखिन्छ । यसरी लागत अनुमान तयार नगरी सोझै कोटेशन लिई खरिद गरिएको कार्य नियमसंगत हो भन्न सकिएन । अत कार्यालयले यस्ता कार्यमा नियन्त्रण गरी खरिद ऐनमा उल्लेख भएको ब्यवस्था पालना गर्नु पर्दछ । केही उदाहरण निम्न छन ।

| भौचर न | समानको नाम | पार्टीको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १२६।२०७९।१०।२९ | EHRRE खरिद तथा संचालन | कोड फ्युजन टेक्नोलोजी | ६९४९५० |
| १५०।२०७९।१२।१५ | पशुपक्षी बिकास कार्यक्रम | सिदबाबा भेट सेन्टर | ४४९०५२ |
| ३७०।२०८०।<br>३।२२ | बिधुत पोल खरिद | भागेश्वर हयुम पाइप | ४४२८३५ |
| ६४।२०७९।७।२० | बिधुत पोल खरिद | कैलाली कंक्रिट उधोग | ३६१६४३ |

सैद्धान्तिक बेरुजु

# अनुगमन लेखापरीक्षण

६१ अनुगमन तथा सम्परीक्षण

**(क) सम्परीक्षण :-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३९ र ४० बमोजिम लेखापरीक्षणबाट औँल्याइएका बेरुजू सम्बन्धमा प्रमाण पेश गरी वा नियमित गरी गराई वा असुल उपरगरी फर्स्यौट गर्ने पहिलो जिम्मेवारी तथा दायित्व बेरुजूसँग सम्बन्धित जिम्मेवार व्यक्ति तथा आर्थिक कारोबारमा संलग्न पदाधिकारी को हुने उल्लेख छ । पालिकाले बेरुजुको लगत राखी नियमानुसार बेरुजु फछ्योँट गर्नुपर्दछ ।

**(ख) अद्यावधिक बेरुजुको अवस्थाः** यस **दोधारा चाँदनी नगरपालिका, कंचनपुर**को २०७९।८० सम्मको फर्स्यौट गर्न बाँकी बेरुजुको स्थिति देहाय अनुसार रहेको छ । नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू भए पश्चात बेरुजुको संपरीक्षण पनि उक्त प्रणालीबाट नै

हुने भएकाले बाँकी बेरुजु संपरीक्षण गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

(रू.हजारमा)

| सि.नं | गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|---|
| १ | २,३४,४५० | ० | १२,११६ | - | २,४६,५६६ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७९/८०

कार्यालय र स्थान : दोधारा चाँदनी नगरपालिका, कंचनपुर , दोधारा चाँदनी नगरपालिका , कञ्चनपुर

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Ganesh Datt Mishra | २०७८-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Yagya Raj Lekhak | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ६,४१६,८७०.६३ | ५१३,७९३ | २,८६२,८९५ | ० | ० | २,३२३,००० |
| | | | | **जम्मा बेरुजु रकम** | १२,११६,५५८.६३ |
| | | | | **लेखापरीक्षणको क्रममा असुली रु** | ० |

स्थानीय तह :

| गत बर्षको जिम्मेवारी | | १०६८२७०५७.२४ | |
|---|---|---|---|
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३९२२७७७०.६५ | चालु खर्च | ३२३९८८८६४.०५ |
| प्रदेश सरकारबाट अनुदान | १४५९२४२१ | पूँजीगत खर्च | १७७४७०२४५.४४ |
| राजश्व बाँडफाँट | १११८१३.५ | वित्तीय/अन्य व्यवस्था | २२३३१९१९० |
| आन्तरिक आय | ९२८०३१९२.१५ | | |
| अन्य आय | २४८४७८१५१.७ | | |
| कुल आय | ६९५२१३३४९ | कुल खर्च | ७२४७७८२९९.४९ |
| बाँकी मौज्दात | | ७७२६२१०६.७५ | |

## अनुसूची - २

| सि. नं. | लेखापरीक्षण क्षेत्र | लेखापरीक्षण गरिएका विषय |
|---|---|---|
| १ | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) | तलब भत्ता तथा पारिश्रमिक खर्च( तलव, पदाधिकारी सुविधा, अन्य सेवा, नियमित परामर्श र करार सेवा) |
| २ | तालिम र कार्यक्रम खर्च | तालिम र कार्यक्रम खर्च |
| ३ | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) | खर्चको नियमितता तथा मितव्ययिता ( चालु तथा प्रशासनिक खर्च) |
| ४ | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) | संघ र प्रदेशबाट प्राप्त शसर्त लगायत अनुदान प्राप्त (अख्तियारी तथा अन्य सशर्त कार्यक्रम) |
| ५ | सामाजिक सुरक्षा | सामाजिक सुरक्षा |
| ६ | शिक्षा तर्फ | शिक्षा तर्फ |
| ७ | स्वास्थ्यतर्फ | स्वास्थ्यतर्फ |
| ८ | कृषि तथा पशुतर्फ | कृषि तथा पशुतर्फ |
| ९ | खरिद व्यवस्थापन | खरिद व्यवस्थापन |
| १० | ठेक्का तथा प्रस्ताव व्यवस्थापन | ठेक्का तथा प्रस्ताव व्यवस्थापन |
| ११ | अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । | ११. अमानत, उपभोक्ता समिति र गैर सरकारी संस्थाबाट कार्य कार्य गराउने । |
| १२ | आन्तरिक आयतर्फ | आन्तरिक आयतर्फ |
| १३ | विविध | लेखापरीक्षणको दौरानमा देखिने जोखिम |
| १४ | सिलवन्दी दरभाउपत्रवाट खरिद | खरिद व्यवस्थापन |
| १५ | सोझै खरिद | खरिद व्यवस्थापन |